# भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अर्न्तगत स्नातकोत्तर तह द्वितीय
वर्षको Ed 598 विषयको आंशिक आवश्यकता
पूरा गर्नको लागि प्रस्तुत

शोधपत्र

शोधार्थी
अर्जुन कुमार कार्की
त्रि. वि. दर्ता न. :४५९३४-८८
परीक्षा रोल न. : २१४०००२
क्याम्पस रोल न. : १८१ (२०६२/०६४)

सुकुना वहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ

२०६७

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । मानव सृष्टिको शुरुवात सगैं शिक्षा लिने र दिने प्रक्रिया चल्दै आएको छ । गुफा तथा ओढारमा परिवारका सदस्यहरू जम्मा भई जीवन बाँच्ने क्रममा उपयोगी सल्लाह छलफलवाट एक पिंढीवाट अर्को पिंढीमा शिक्षा हस्तान्तरण हुने प्रक्रिया निरन्तर चलिरहेको थियो । यसरी घरपरिवार, आश्रम वा कुटी मठ, मन्दिर गुम्वा, पाटीपौवा हुँदै हालको विद्यालय, विश्वविद्यालयको शिक्षा व्यवस्थामा हामी आइपुगेका छौं । तत्कालीन शैक्षिक आवश्यकतालाई परिपूर्ति गर्न ती शिक्षा प्रदान गर्ने संस्थाहरूले धेरै थोरै जे जति भौतिक व्यवस्थापन गरे सोही अनुरुप मानव समाजले ती संस्थावाट शिक्षा हासिल गर्न सकेका हुन् ।

नेपालमा शिक्षा लिने दिने चलनको प्रमाणिक ऐतिहासिक तिथि मिति नभएपनि आमा वावु वाट आफ्ना सन्ततिहरुलाई व्यवहारिक शिक्षा दिने परिपाटीको विकास भएको पाइन्छ । धार्मिक गुरुहरूबाट आश्रम कुटी गुम्वा आदि संस्थामा रही धार्मिक र नीति शिक्षा दिने परिपाटी थियो भन्ने तथ्य नेपालको शिक्षाको इतिहासमा पाइन्छ । वि.स. १९१० भन्दा पहिले समाजले तोकेका मठमन्दिर, गुम्वा, पाटीपौवामा गुरुहरूले शिक्षा दिने प्रचलन थियो भन्ने तथ्य नेपालको शिक्षाको इतिहासमा पाइन्छ । वि.स. १९१० भन्दा पहिले समाजले तोकेका मठमन्दिर, गुम्वा, पाटीपौवामा गुरुहरूले चेलाहरू जम्मा गरि शिक्षा दिने प्रचलन भए पनि वि.स. १९१० मा दरवार स्कुलको स्थापना भए पछि नेपालको पहिलो औपचारिक विद्यालयको रुपमा शिक्षा शिक्षणको सुरुवात भएको पाइन्छ । सोही विद्यालयको स्थापना पछि विद्यालयको आर्थिक, भौतिक र मानव श्रोत व्यवस्थापनको जिम्मा सरकारले लिने प्रचलनको थालनी भएको पाइन्छ (ढकाल, २०६२) ।

तत्कालीन राणाकालमा स्थापित उक्त विद्यालय पछि शिक्षा प्रतिको जनचासोलाई रोक्न नसकेर वि.स. १९९६ सालमा शिक्षा इस्तिहार जारी गरेको पाइन्छ । वि.स. २००७ सम्म आइपुग्दा औपचारिक रुपमा ३१० वटा भाषा पाठ्शालाहरू र ११ वटा माध्यमिक विद्यालयहरू मात्र सञ्चालित थिए । प्रजातन्त्र प्राप्तीपछि अनियन्त्रित रुपमा धेरै विद्यालयहरू

खुले । तिनै विद्यालयहरूलाई व्यवस्थित गर्न वि.स. २०११ सालमा नेपालमा शिक्षा नामक प्रतिवेदन र वि.स. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरि प्रतिवेदन तयार गरेको देखिन्छ । त्यसैगरि वि.स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरी विद्यालयहरूलाई सरकारी, सार्वजनिक र निजी गरि ३ प्रकारमा विभाजन गरियो । सरकारी विद्यालयको सम्पूर्ण आर्थिक व्यवस्थापन सरकारले जिम्मेवारी लियो भने सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनमा केही मात्रामा सरकारले सहयोग गर्‍यो र निजी विद्यालयको सम्पूर्ण खर्च व्यक्तिले वेहोर्नुपर्ने व्यवस्था थियो (पेज न. १३५) ।

शिक्षा ऐन २०२८ लाई सातौं संशोधन तथा शिक्षा नियमावली २०४९ मा व्यवस्था गरिए अनुसार विद्यालयहरूलाई सामुदायिक विद्यालय र संस्थागत विद्यालय गरी दुई प्रकारमा विभाजन गरिएको छ । नेपालमा विद्यालयहरूलाई व्यवस्थित रुपमा सञ्चालन गर्न शिक्षा ऐनद्धारा नै प्रत्येक विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन गरि समितिको काम कर्तव्य र अधिकार तोकिदिएको छ शिक्षा ऐन, २०२८ सातौं संशोधन) ।

विद्यालयहरूवाट प्राप्त गरिने औपचारिक शिक्षाको गुणस्तर वृद्धि गर्न गठन गरिएका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा स्थानीय निकायहरूको उल्लेख्य भूमिका रहन्छ । सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गर्नु एक कुशल व्यवस्थापनको आवश्यक गुण हो । त्यसैले हरेक नेतृत्वमा व्यवस्थापकीय सीप हुन आवश्यक छ । व्यवस्थापन कला, विज्ञान र पेशाको रुपमा विकास भइरहेको छ । विद्यालयको भौतिक व्यवस्थापनमा समुदाय, सरकार र विभिन्न गैर सरकारी संस्थाहरूले विगत देखि वर्तमान अवस्थासम्म यथेष्ट लगानी गरिरहेका छन् । शिक्षाको गुणस्तर वृद्धिमा विद्यालयको भौतिक व्यवस्थापनले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । नेपालको योजनावद्ध विकासका चरणहरूमा विद्यालयको भौतिक अवस्था सुधारका थुप्रै कार्ययोजना मार्फत रकम विनियोजन भई खर्च समेत भइसकेको छ ।

वि.स. २०१३ सालवाट सुरु भएको योजनावद्ध विकास हाल दशौं पञ्चवर्षीय योजना सम्ममा विद्यालयको भौतिक सुधारका लागि गरिएको लगानी ठूलो मात्रामा देखिन्छ । प्रत्येक वर्षको राष्ट्रिय वजेटको निश्चित प्रतिशत शिक्षातर्फ विनियोजित छ भने सोही वजेटमा विद्यालको भौतिक व्यवस्थापनमा समेत खर्च भएको देखिन्छ । अझ समुदाय र गैर सरकारी

निकायहरूवाट त्यस क्षेत्रमा गरिएको लगानीको तथ्याङ्क हामीसंग अप्राप्य छ । अभिभावकहरूको प्रशस्तै आर्थिक लगानीद्धारा विद्यालयको भौतिक अवस्था निर्माण र सुधार गरिएको वर्तमान अवस्थामा शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने विद्यालयको भौतिक पक्षको अहम भूमिकालाई नकार्न सकिदैन ।

विद्यार्थीको सिकाइ उपलब्धि र प्रभावकारी शिक्षण सिकाइको प्रत्यक्ष र घनिष्ट सम्वन्ध रहेको हुन्छ भने प्रभावकारी शिक्षणका लागि उपयुक्त भौतिक व्यवस्थापन हुन आवश्यक छ । विद्यालय भवन, कक्षाकोठा, शैक्षिक सामग्री, खेलमैदान, शौचालय, खानेपानी, फूलबारी जस्ता आधारभूत भौतिक अवस्थाले हरेक विद्यालयको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यसैले उपयुक्त शैक्षिक वातावरण निमार्णमा उपयुक्त भौतिक व्यवस्थापनले उल्लेख्य भूमिका निर्वाह गरेको हुन्छ ।

पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत मेची अञ्चल झापा जिल्लाका सामुदायिक विद्यालयहरूको भौतिक व्यवस्थापनमा समुदाय, संघ सस्था र सरकारद्धारा समय-समयमा उल्लेख्य योगदान पुऱ्याएका छन् । ती विद्यालयहरूको शैक्षिक उपलब्धि वृद्धिमा के कति सुधार भएको छ वा ती श्रोत र साधनको कलात्मक र वैज्ञानिक व्यवस्थापन हुन सक्यो वा सकेन भन्ने तथ्यको पहिचानले समग्र शैक्षिक गुणस्तरमा टेवा पुग्ने विश्वास लिन भौतिक व्यवस्थापन र सिकाइ उपलब्धिसंग सम्वन्धित यो शोध कार्य सम्पन्न गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालयको शैक्षिक गुणस्तर वृद्धितर्फ भौतिक व्यवस्थापनमा के कस्ता उपलब्धि हासिल भए, उपलब्ध भौतिक श्रोत साधनको प्रभावकारी व्यवस्थापन भएको छ कि छैन, सो भौतिक व्यवस्थापनले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा के कति प्रभाव पारेको छ, भन्ने प्रश्नहरूको उत्तर प्राप्त गर्न यो शोधकार्य गरिएको छ । झापा जिल्ला वाहुण्डाँगी श्रोतकेन्द्रमा सञ्चालित सामुदायिक विद्यालयहरूको भौतिक व्यवस्थापनमा देखिएका समस्याहरू र समस्या समाधानका उपायहरू पत्ता लगाउन यो शोध कार्य केन्द्रित छ । सिकाइ उपलब्धि वृद्धिमा भौतिक व्यवस्थापनको भूमिका पहिचान गर्न र भौतिक श्रोत व्यवस्थापनमा देखिएका

पद्धतिहरू के कति उपयोगी सावित भएका छन् छैनन् भनि अध्ययन गर्न यो शोध शीर्षक **भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभाव** केन्द्रित छ ।

## १.३ अध्ययनको औचित्य

वर्तमान विश्व परिवेशमा शिक्षा एक आधारभूत आवश्यकता हुन गएको छ । शिक्षा प्राप्त गर्ने अधिकार मानव अधिकार र मौलिक अधिकारको रुपमा स्थापित भएको छ । हरेक व्यक्ति आफ्नो सन्ततिलाई गुणस्तरिय, विश्व परिवेश सुहाउँदो र जीवनका समस्याहरू समाधान गर्न सक्ने शिक्षा दिलाउन चाहन्छन भने राज्यले पनि कम लगानीमा उच्च शैक्षिक उपलब्धि हासिल गराउन चाहन्छ । नेपालको सन्दर्भमा पनि शिक्षाका लागि प्रशस्त प्रयास मात्रै होइन प्रशस्त लगानी पनि भइरहेको  छ । उक्त लगानीको ठूलो अंश विद्यालय भवन, कक्षा कोठा निर्माण, मर्मत, शैक्षिक सामग्री जस्ता भौतिक निर्माणमा खर्च भइरहेको  छ । यसरि व्यक्ति, समुदाय र सरकारको लगानी अनुरुप शैक्षिक गुणस्तरमा वृद्धि हुन सकिरहेको छैन भन्ने व्यापक जनगुनासो छ । सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि स्तर प्रति प्रशस्तै आलोचनाहरू भैरहँदा यो अध्ययनले तिनै भौतिक व्यवस्थापनको स्तर वृद्धि संगै शैक्षिक गुणस्तर पनि वृद्धि गराउन अध्ययन सहायक वन्न सक्छ भन्ने विश्वास लिइएको छ ।

विद्यालयको भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा गरिने शोधकार्यले उपयुक्त भौतिक सुविधाले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्ने जानकारी गराउँदछ, । उपलब्ध श्रोतसाधनलाई वैज्ञानिक व्यवस्थापन गर्ने सीप विकास गराउँदछ । सिकाइ उपलब्धि वृद्धि गर्न भौतिक अवस्थामा सुधार गर्नु पर्ने धारणामा विकास गराउँदछ, । भौतिक व्यवस्थापन र शिक्षण क्रियाकलाप बीचको सम्वन्ध पत्ता लगाई विद्यालय व्यवस्थापनमा देखिने समस्याहरू पहिचान गर्न  समुदायलाई भौतिक स्रोत व्यवस्थापनको सहभागीतामा वृद्धि गराउन सहयोग गर्नेछ र विद्यालयको भौतिक व्यवस्थापनका सवल र दुर्वल पक्षको पहिचान गरि व्यक्ति, समुदाय र राष्ट्रको लगानी खेर जानवाट रोक्न सवै सरोकारवालाहरूलाई सचेत गराउँदछ । व्यवस्थापकीय कौशल र दूरदृष्टिको अभावमा कतिपय लगानीहरू खेर गएको दृष्टान्त पाउँछौ । राष्ट्रिय वजेटको एक हिस्सा र आम जनताको श्रम, सीप र लगानीको महत्वलाई वुझी शैक्षिक गुणस्तर वृद्धि गर्न र नयाँ

आयममा शिक्षालाई रुपान्तरण गर्न यो अध्ययन आवश्यक छ भन्ने आधारमा यो अध्ययनको औचित्य सावित गर्ने प्रयत्न गरिएको छ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् ।

क) सामुदायिक विद्यालयको भौतिक अवस्था पहिचान गर्नु ।

ख) भौतिक व्यवस्थापन र सिकाइ उपलब्धि बीचको सम्बन्ध लेखाजोखा गर्ने ।

ग) सिकाइ उपलब्धिमा भौतिक व्यवस्थापनको प्रभाव विश्लेषण गर्ने ।

घ) भौतिक व्यवस्थापनमा देखिएका समस्या र तिनका समाधानका उपायहरू सुझाउनु ।

### १.५ अनुसन्धनात्मक प्रश्नहरू

यस अनुसन्धानकालागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्न राखिएका छन् ।

क) विद्यालयहरूको भौतिक व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ?

ख) भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

ग) भौतिक श्रोत व्यवस्थापनमा के कस्ता समस्याहरू विद्यमान छन् ?

घ) ती समस्याहरू समाधान गर्न के कस्ता सुझावहरू दिन सकिन्छ ?

### १.६ अध्ययनको परिसीमा

भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा गरिने शोधकार्यको उपलब्धिले समग्र राष्ट्रकै प्रतिनिधित्व गरे पनि शोधार्थीको श्रोत, साधन र समयको सीमितताका कारण यस अध्ययनलाई झापा जिल्लाको वाहुण्डाँगी स्रोतकेन्द्र भित्रका १३ वटा विद्यालयहरूमा सीमित गएिको छ । ति विद्यालयहरूको आर्थिक, जनस्रोत, शैक्षिक र भौतिक व्यवस्थापन मध्ये भौतिक व्यवस्थापन पक्षलाई मात्र यस अध्ययनमा समेटिएको छ ।

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

निरौला (२०६२)ले सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यस्थापनको प्रभावको अध्ययन नामक शीर्षकमा विद्यालयको व्यवस्थापन समुदायलाई दिदां उत्पन्न सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गर्नु भएको छ । समुदायद्वारा विद्यालयको व्यवस्थापन गर्दा विद्यालयको शैक्षिक प्रगतिका सुचकाङ्कहरूमा वृद्धि भएको, विद्यालय र समुदाय बीचको

सम्वन्ध सुदृढ भएको, विद्यालय प्रति अपनत्वको भावना वढेको , भौतिक अवस्थामा सुधार भएको र समुदायका पछि परेका जातजाती ,दलित उत्पीडित छात्रछात्राहरू लाभान्वित भएको जस्ता राम्रा पक्षहरू प्राप्त भएको उल्लेख छ भने व्यवस्थापन समितिहरूमा व्यवस्थापकीय सीप, कला र क्षमता कमी हुनु, विद्यालय व्यवस्थापन समिति निरङ्कुश वन्ने प्रवृत्ति देखापर्नु, शिक्षकका पेशागत सुरक्षामा शंका उत्पन्न हुनु र अस्वस्थ राजनैतिक हस्तक्षेप बढनु जस्ता समस्याहरूलाई विद्यालयको व्यवस्थापनको जिम्मेवारी समुदायलाई दिंदा सिर्जित नकारात्मक पक्षहरू समेत प्रस्तुत गरिएको छ (निरौला,२०६२) ।

विद्यालय संचालन कार्यनिर्देशिका (२०५९), ले आर्थिक वर्ष २०५९/६० देखि क्रमिक रुपमा विद्यालयहरूलाई समुदायद्धारा व्यवस्थापन गर्ने गरी जिम्वेवारी हस्तान्तरण गर्न यो निर्देशिका निर्माण गरिएको छ । विद्यालयको भौतिक पक्षको दिगो विकासलाई दिइने एकमुस्ट अनुदानबाट विद्यालयका वालवालिकाहरुको सिकाइ उपलब्धिमा अवश्य पनि प्रभाव पारिरहेको हुन्छ । व्यवस्थापन कार्य समुदायमा हस्तान्तरण गर्दा प्राप्त हुने आर्थिक सहयोगबाट विद्यालयको भौतिक व्यवस्थापनमा के कस्तो सुधार भयो र उक्त सुधारबाट के कस्तो सिकाइ उपलब्धि वृद्धि दर हाँसिल हुन सक्यो भन्ने तथ्य उक्त निर्देशिकाबाट समेत जानकारी प्राप्त गर्न सकिन्छ । यस कार्यक्रम अर्न्तगत थप एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था छ । यस्ता एकमुष्ट आर्थिक सहयोगका अतिरिक्त प्राथमिक तह मात्र स्वीकृत भई निम्न माध्यमिक तह स्तर अनुमति लिई सञ्चालित विद्यालयलाई दक्षतामा आधारित आर्थिक अनुदान, सहयोग, विद्यालय वाहिर रहेका दलित, महिला तथा पिछडिएका जनजातिका वालवालिकालाई विद्यालयमा ल्याई भर्नादर वृद्धि गराए वापत प्रगतिमा आधारित आर्थिक सहयोग र स्वीकृति प्राप्त सरकारी अनुदान पाइरहेको विद्यालयको हकमा उपलब्धि स्तर अभिवृद्धि बापत उत्तिर्ण दरका आधारमा आर्थिक सहयोग गर्ने उदेश्य रहेको छ (शिक्षा विभाग विद्यालय संचालन निर्देशिका २०५९) ।

CERID (२००३), का अनुसार विद्यालयको प्रभावकारिता वृद्धि गर्न विभिन्न सूचकहरूको अध्ययन गरि शिक्षामा पहँच वृद्धि गर्न विभिन्न सुझावहरू दिएको छ । उक्त अध्ययनको उदेश्य विद्यालयको प्रभावकारितामा योगदान दिने तत्वहरूको मूल्याङ्कन गर्नु भन्ने राखिएको छ । सो उदेश्य अनुसार जानकारीहरू प्राप्त गर्न लक्षित समूह र सरोकारवालाहरूसंग अर्न्तक्रिया र अनौपचारिक छलफल विधिको प्रयोग गरि तथ्याङ्कहरू प्राप्त गरिएको छ ।

विद्यालयका शिक्षकहरू, वि.व्य.स., अभिभावकहरू, स्रोतव्यक्तिहरू, जि.शि.अ., प्रधानाध्यापक तथा मुसहर जातीका महिलाहरूसंग गरिएको छलफल तथा अर्न्तक्रियावाट शिक्षामा पहुँच, शैक्षिक गुणस्तर, विद्यालय व्यवस्थापन र अनुगमनका क्षेत्रमा अध्ययन गरि निष्कर्ष निकालिएको छ ।

दलित र पिछडिएको जातीको लागि शिक्षामा न्यून पहुँच छ भने पहुँच वृद्धि गर्न कुनै कार्यक्रम संचालन भएको छैन भनिएको छ । त्यस्तै नमूना छनौट भएको विद्यालयको सिकाइ उपलब्धि कम भएको, तराई र पहाड दुवै ठाउँमा विद्यालयको आर्थिक स्रोत र भौतिक अवस्था उस्तै भएको र शिक्षक विद्यार्थीको उपस्थिति कम भएको तथ्य प्राप्त भएको उल्लेख छ । वि.व्य.स.लाई आफ्नो काम कर्तव्य र अधिकार वारे ज्ञानको अभाव भएको, तालिमको अभावमा कार्य सम्पादन न्यून भएको उल्लेख छ । भौतिक सुविधालाई वि.व्य.स. ले कम महत्व दिएको तथ्य प्राप्त गरिएको छ । अनुगमन मूल्याङ्कनको धारणा स्पस्ट नभई सवै सरोकारवालाहरू वाट विद्यालय अनुगमन गर्ने कार्य भएको उल्लेख छ ।

उक्त अध्ययन प्रतिवेदनले सुझावका रुपमा विद्यालयको भौतिक अवस्थामा सुधार ल्याउनु पर्ने भन्ने उल्लेख छ । प्र.अ., वि.व्य.स., स्रोत व्यक्ति र शिक्षा कार्यलय संग समन्वय गरी कुशलता र सक्षमतामा वृद्धि गर्ने कार्यक्रम संचालन गरि भौतिक व्यवस्थालाई सुद्धढ वनाउनु पर्ने कुरा प्रस्तुत गरिएको छ (CERID, २००३) ।

विद्यालयको भौतिक व्यवस्थापनको स्तर वृद्वि गर्न तयार पारिएको विद्यालय सुधार योजना निर्देशिका अनुसार नेपालका विद्यालयहरूको भौतिक व्यवस्थापनमा जनसभागितामा वृद्दि गर्न विद्यालय योजनाको आधारमा आर्थिक अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । विद्यालय सुधार योजनामा राखिएका कार्यक्रमहरू कार्यान्वयन गर्न फण्ड ए,बी र सी को व्यवस्था गरेको छ । जसमा प्रतेक फण्डमा क्रमस रु.२०००/,११०००/ र १५०००/का दरले अनुदान उपलव्ध गराउने व्यवस्था गरेको छ । उक्त अनुदानले विद्यालयको भौतिक अवस्थामा उल्लेख्य सुधार गर्दै विद्यालयको शैक्षिक अर्थात विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्ने मुख्य लक्ष्य राखिएको छ (विद्यालय सुधार योजना, २०६०, शिक्षा मन्त्रालय शिक्षा विभाग, काठमाडौं) ।

विद्यालय सुधार योजना कार्यान्वयन निर्देशिका (२०६०) ले उल्लेख गरे अनुसार विद्यालय सुधार योजनाका उदेश्यहरू योजना निर्माण तथा परिमार्जन गर्ने सीप तथा क्षमताको विकास गर्ने, स्रोतको बाँडफाँड तथा वितरणमा पारदर्शिता अपनाई सरोकारवालाहरूलाई नै जिम्मेवारी प्रदान गर्ने, प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्ने र सवैका लागि शिक्षा प्रदान गर्ने रहेको छ । यी उद्धेश्यहरूको विश्लेषण गर्दा विद्यालयको शैक्षिक विकासका लागि योजना निर्माण र उक्त योजनाबद्ध कार्यक्रम मार्फत विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्दै शैक्षिक गुणस्तर वृद्धि गर्नु भन्ने देखिन्छ । भौतिक रुपले कमजोर रहेका विद्यालयहरूले उक्त विद्यालय सुधार योजना अनुदानवाट विद्यालयको भौतिक विकास गरि शैक्षिक गुणस्तर अभिवृद्धि सुनिश्चित गर्ने लक्ष्य राखिएको छ ।

शिक्षा सवैका लागि हुनुपर्दछ । यो मानवअधिकारको विषय हो । यो राज्यको अनिवार्य दायित्व भित्र पर्दछ । त्यसैले मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले शिक्षा सवैले पाउनु पर्छ भनि व्याख्या गर्‍यो । सन १९९० को जोमटिन सम्मेलनले विश्वव्यापी रुपमा ‘सवैकालागि शिक्षा’ को अभियानको शुरुवात गर्‍यो । नेपालले पनि उक्त घोषणा-पत्रमा हस्ताक्षर गरि शैक्षिक विकासका लागि घोषित लक्ष्य प्राप्त गर्न विभिन्न शैक्षिक कार्यक्रम मार्फत अभियान संचालन गरिरहेको छ । सोहि अभियान अन्तर्गत विभिन्न अनुदानको व्यवस्था गरिरहेको छ जसले विद्यालयको भौतिक व्यवस्थापनमा समेत उल्लेख्य योगदान पुर्‍याएको छ (शैक्षिक प्रवर्द्धन केन्द्र, सेडिन,नेपाल ) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यालय एक सेवा प्रदायक संस्था हो । विद्यालयले भौतिक वस्तु उत्पादन नगरी दक्ष जनशक्ति Skilled Manpower उत्पादन गर्ने गर्दछ । औद्योगिक वस्तु उत्पादन गर्ने संस्थाहरूको ऐतिहासिक विकासक्रमबाट व्यवस्थापन सिद्धान्तको जन्म भएतापनि विद्यालय व्यवस्थापन सिद्धान्त पनि सोही व्यवस्थापनको सिद्धान्त पद्धतिवाट अलग नरहेको कुरा नकार्न सकिन्न । निम्न सिद्धान्तको आधारमा यो शोधकार्य पुरा गरिएको छ ।

Taylor (१९११), को वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार वैज्ञानिक ढंगवाट काम हुने गरि व्यवस्थापक र कामदार वीच आत्मीय सहयोग, सम्वन्ध र सामाञ्जस्यता स्थापित हुनुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम् उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नु पर्छ । वैज्ञानिक

ढंगले कामदार छनौट, तालिम र ज्याला निर्धारण गरि कार्यदक्षता वढाउन सकिने कुरा उल्लेख गरेका छन् । Taylor (१९११) को उक्त सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण र कामदारको संयोजन उपयुक्त ढगले हुनुपर्ने कुरामा जोड दिएका छन् । यस सिद्धान्तको विधि अनुसार कार्य सम्पादनमा दुतता वढाउने, दक्षता वृद्धि गर्ने, सहयोग र उत्प्रेरणा वृद्धि गर्ने भनि व्याख्या गरेका छन् (कोइराला, २०५९ द्वारा उद्धृत) ।

शैक्षिक व्यवस्थापन भित्र विद्यालयको भौतिक व्यवस्थापनमा पनि व्यवस्थापकले उपयुक्त वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुरुप भौतिक स्रोत र साधनलाई वैज्ञानिक ढंगवाट परिचालन गर्न सके सकारात्मक परिणाम आउन सक्ने अपेक्षा गर्न सकिन्छ ।

Chester (१८८६-१९६१), को व्यवस्थापनको व्यवहारवादी सिद्धान्त अनुसार संगठनलाई एउटा सामाजिक अंगको रुपमा मानेर सामाजिक वातावरण, समूह र संस्थाको संचालन र समन्वय जस्ता पक्षलाई प्रमुखता दिन्छन । उनका अनुसार संस्थाको साझा लक्ष्य र उद्देश्य पुरा गर्न मानवीय शक्तिलाई समन्वय गर्ने, एकिकृत गर्ने, सञ्चार गर्ने, मानव तथा भौतिक संसाधनको परिचालन गर्नु पर्ने कुरामा जोड दिन्छन । त्यसैले व्यवस्थापनलाई व्यवहारिक विज्ञानको रुपमा लिएका छन् (श्रेष्ठ, २०६१मा उद्धृत) ।

विद्यालयको भौतिक व्यवस्थापन पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक,शिक्षक,अभिभावक शिक्षक संघ, तथा विद्यार्थी जस्ता सरोकारवालाहरु बीच आपसि समन्वय, छलफल, अर्न्तक्रिया तथा सहकार्य गरि मानव तथा उपलब्ध भौतिक स्रोतको कुशल व्यवस्थापन गर्न सके सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्न सक्दछ । विद्यालय र समुदाय बीच दोहोरो सञ्चार हुन सके विद्यालयको गतिविधिमा सुधार आउन सक्दछ । विद्यालयलाई सवै सरोकारवालाहरुको साझा लक्ष्य प्राप्तिको कार्यथलो बनाई स्वच्छ शैक्षिक वातावरण कायम गर्न सके उल्लेख्य उपलब्धि हासिल हुन सक्दछ ।

विद्यालय पनि एक सामाजिक साझा संस्था भएकोले विद्यालयको भौतिक व्यवस्थापन गर्दा व्यवहारवादी सिद्धान्त अनुरुप गर्न सके प्रभावकारी भौतिक व्यवस्थापन हुने अपेक्षा लिइएको छ । विभिन्न विद्धानहरूले व्यवस्थापन सम्वन्धि दिएका परिभाषाहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ

मास्लो (१९४३) को अभिप्रेरणाको सिद्धान्त Hierarchy of Needs मा भनेका छन् मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् तिनको परिपूर्ति पश्चात् पनि अन्य थप इच्छा आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसको कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुदैन जुन प्राप्तिका लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसमा अप्राप्त चाहना पनि अनगिन्ति हुन्छन् जसलाई आवश्यकताको एक क्रमबद्ध सृङ्खलाको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुदै जान्छ भन्ने धारणा उनको रहेको छ । उनले मानिसको शारीरिक आवश्यकतावाट सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता, आत्म सन्तुष्टिको आवश्यकता सम्म पाँच श्रेणीमा आवश्यकताको क्रमबद्ध श्रेणी निर्धारण गरेका छन् ।

भौतिक व्यवस्थापनका क्षेत्र पनि असिमीत हुन्छन । शिक्षासंग सरोकार राख्ने सवै सरोकारवालाहरुलाई प्रशस्त आर्थिक स्रोत खर्च गरेर राम्रो भन्दा राम्रो भौतिक सुविधा जुटाउने ईच्छा आकाङ्छा हुने गर्दछ । तर सिमीत स्रोतसाधनबाट अति आवश्यक वा आधारभूत व्यवस्थापनको क्षेत्रहरु कक्षाकोठा, शैक्षिक सामाग्री व्यवस्थापन जस्ता कार्यहरुलाई पहिलो प्राथमिकतामा राखि विद्यालयको भौतिक व्यवस्थापन गर्दा सिकाइ उपलब्धिमा तत्कालै प्रभाव पर्ने भएकोले मास्लोको आवश्यकता सृंखलाको सिद्धान्त यो शोधका लागि मार्गदर्शक बन्न सक्छ भन्ने विश्वास गरिएको छ । अभिभावकहरुले बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरेता पनि जीवनका विभिन्न समस्याहरूको कारण विद्यालयमा नियमित हुन सक्दैनन्, बालबालिकाहरूलाई चाहिने आवश्यक शैक्षिक सामग्री उपलव्ध गराउन सक्दैनन्  जसका कारण यस वर्गका बालबालिकाहरू विद्यालयमा नियमित हुन नसकी उनिहरूको उपलब्धि पनि राम्रो देखिदैन । यी यावत प्रकारका समस्याहरूलाई उचित प्रकारले समाधान गर्न सके शिक्षामा बालबालिकाको समान पहूँच, नियमितता र गुणस्तर बढ्न सक्छ । उनीहरूको सामान्य आधारभूत आवश्यकता र चाहनाको उचित सम्बोधन राज्यले गर्न सकेमा शिक्षामा सवैको समान अवसर प्राप्त गर्न सक्ने देखिन्छ  (के.सी.२०६० द्धारा उद्धृत) ।

विद्यालयको भौतिक व्यवस्थापन कार्यमा पनि भौतिक आवश्यकताको प्राथमिकीकरण गरि अत्यावश्यक क्षेत्रको विकास गर्ने गरिन्छ । त्यसैगरि सिकाइको प्रक्रियामा पनि सिकारुको

चाहना र आवश्यकता अनुरुप प्रेरित भई सिक्ने हुनाले मास्लोको यो सिद्धान्तले भौतिक व्यास्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्न दिशा निर्देश गर्न सक्छ ।

## २.३ शैक्षिक उपादेयता

यो अध्ययन अनुसन्धानलाई पूर्ण गराउन यस शीर्षकमा सम्वन्धित भएर गरेका साहित्य र सिद्धान्तहरूको अध्ययन अनुसन्धान गर्दा शोधकार्यलाई सहि दिशा प्रदान गर्न सकिन्छ । यस शोध शीर्षक भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभावमा पनि ती उल्लिखित व्यवस्थापनको सिद्धान्त तथा अभिप्रेरणाको सिद्धान्तहरूसँग मेल खान जान्छ । व्यवस्थापनका सिद्धान्त, कार्यविधि, समस्याहरू र शैक्षिक उपलब्धिहरुमा पारेको असरहरूको अध्ययन विश्लेषणवाट थप अनुसन्धानका क्षेत्रहरू पहिचान गर्न सहयोग पुऱ्याउँछ भन्ने अपेक्षा गरिएको छ । विद्यालयको शैक्षिक, आर्थिक, मानवस्रोत व्यवस्थापन जस्ता भौतिक व्यवस्थापनका समग्र पक्षलाई व्यवस्थापनको अंग मानिएकोले ती सिद्धान्त र साहित्यहरूबाट यो शीर्षकमा गरिने शोधकार्यलाई पुरा गर्न सहयोग पुऱ्याउने छ । विद्यालयको भौतिक व्यवस्थापनको प्रभाव पहिचान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा गरिएको छ । अध्ययनलाई लक्ष्योन्मुख गराउन र गलत बाटोवाट जोगाउँदै सहि निष्कर्षमा पुऱ्याउन र अध्ययनका थप क्षेत्र पहिचान गर्न उल्लेखित सैद्धान्तिक अवधारणाले मद्दत गर्नेछ ।

त्यसैगरि यो शोध शीर्षकसँग मेल खाने गरि भए गरेका लेख रचना र साहित्यहरुको अध्ययनबाट यो अनुसन्धानलाई थप दिशा प्रदान गरेको छ । विद्यालय सुधार योजना, समुदायद्वारा विद्यालयको व्यवस्थापन र विद्यालय प्रभावकारिता अध्ययन जस्ता साहित्यको निष्कर्षहरुले विद्यालयको भौतिक अवस्था सुदृढीकरण गर्न गरिएको पहल र नीतिगत व्यवस्थाहरुको जानकारी प्राप्त भएको छ । जसले यो शोध कार्यमा विद्यालयका सरोकारवालाहरुको दायित्व तथा कार्यान्वयन प्रक्रियालाई व्याख्या विश्लेषण गर्न सहज भएको छ । अध्ययनलाई उपलब्धिमूलक र सार्थक बनाउन तिनै साहित्यहरुले औंल्याएका समस्या तथा अवस्थाहरुको माध्यमबाट आवश्यक तथ्याङ्कहरुको खोजी गर्न अझ सहज भएको छ । विद्यालय सुधार योजनाका मूलभूत मान्यता र अवधारणा अनुरुप विद्यालयको भौतिक विकासको पहलकदमी भए नभएको तथा विद्यालय सुधार योजनाको मूल मर्म अनुसार शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पार्ने रहेछ भन्ने तथ्यसम्म पुग्न उल्लेखित

साहित्य समीक्षाले प्रशस्त आधार तयार गरेको छ । भौतिक व्यवस्थापनमा लगानी गर्नु पर्ने कारणहरुको पुष्ट्याइँ गर्न उल्लेखित लेख रचनाहरुको अध्ययन आवश्यक देखिन्छ ।

# परिच्छेद तीन :अध्ययन विधि

शोधकार्यका निश्चित उद्धेश्य परिपूर्तिकालागि गरिने अध्ययन कार्यलाई व्यवस्थित र क्रमवद्ध रुपले अघि बढाई प्राप्त प्रमाणित तथ्याङ्कहरुको आधारमा अध्ययन प्रतिवेदन निकालिनु पर्छ भन्ने प्रमुख मूल्य र मान्यताका आधारमा यो अध्ययन कार्य गरिएको छ । शोधलाई बढी भन्दा बढी तथ्यपरक, विश्वासनिय र वैद्य बनाउन अध्ययन अनुसन्धानका निश्चित विधिहरु प्रयोग गर्नु पर्ने हुन्छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

विद्यालयको भौतिक व्यवस्थापनमा गरिएको आर्थिक लगानीको मात्रा अध्ययन गर्न संख्यात्मक तथ्याङ्कहरु आवश्यक भयो । त्यसै गरि विद्यार्थीहरुको गुणात्मक सिकाइ उपलब्धिहरुको संख्यात्मक तथ्याङ्कहरु समेत प्राप्त गरियो । विद्यालयको भौतिक पक्ष र सिकाइ उपलब्धिलाई स्थलगत अवलोकन गरि व्यख्या, विश्लेषण र मूल्याङ्कन गर्न गुणात्मक तथ्याङ्क प्रयोग गरिको छ । त्यसैले यस अध्ययन कार्य पूरा गर्न गुणात्मक र परिमाणात्मक तथ्याङ्कहरू लिएको छ । यस सोध कार्यलाई सम्पन्न गर्न गुणात्मक तथ्याङ्कहरुको समेत संकलन र विश्लेषण गरि भौतिक अवस्था र सिकाइ उपलब्धिको सम्बन्ध, प्रभाव र समस्याहरुलाई पत्ता लगाई सुझाव प्रस्तुत गर्न गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धान ढाँचा अपनाईएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

यो शोधकार्य अघि बढाउन तथ्याङ्क संकलनका विभिन्न प्रक्रियाहरु अपनाईएको छ । निश्चित स्रोत र साधनद्धारा समय सीमा भित्र अध्ययन सम्पन्न गर्नु पर्ने र अध्ययनमा सामेल गरिने जनसंख्याले शोधकार्यकालागि भरपर्दो आधारयुक्त तथ्याङ्क उपलब्ध गराउन

सकोस भन्ने मुख्य उद्धेश्यले तथ्याङ्क संकलनका निम्न प्रक्रियाहरु अपनाई अध्ययन अघि बढाईएको छ ।

### ३.२.१ जनसंख्या

यस अध्ययनका लागि झापा जिल्लाको वाहुण्डाँगी स्रोतकेन्द्र भित्रका कुल सरकारी विद्यालयहरू, विद्यार्थी , शिक्षक, अभिभावक, प्रधानाध्यापक, र वि.व्य.स. पदाधिकारीहरूलाई नै नमूनाको कुल जनसङख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

झापा जिल्लाको  बाहुण्डाँगी श्रोतकेन्द्रमा सञ्चालित १३ वटा सामुदायिक विद्यालयहरू मध्ये ५ वटा सरकारी सामुदायिक विद्यालयहरूलाई मात्र अध्ययनका लागि नमूना छनौट गरिएको छ । त्यहि ५ वटै विद्यालयका ५ जना प्र.अ., १० जना शिक्षक, २० जना विद्यार्थी, १० जना वि.व्य.स. सदस्य तथा अभिभावक र ५ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू अध्ययनको नमूनाका रुपमा रहेका छन् ।

उपरोक्त नमुनाहरु अध्ययनकर्ताको अनुकूलता र अध्ययनको उद्देश्य अनुसार उद्देश्यात्मक नमुना छनोट विधि  प्रयोग गरी छनोट गरिएको छ । तथ्याङ्कहरु वैध र विश्वसनीय होस् भन्ने अभिप्रायका साथ उक्त नमुना छनोट विधि अपनाइएको छ ।

### ३.२.३ नमूना छनौटको विधि

अध्ययनको नमुनाका लागि विद्यालयहरु, विद्यार्थीहरु, शिक्षक-अभिभावक, विद्यालय व्यवस्थापन  समितिका अध्यक्ष र प्र.अ. यस अध्ययनमा जनसङ्ख्याका रुपमा अध्ययनमा सामेल गरिएको छ । नमूनाको आकारमा उल्लिखित अध्ययनमा सामेल गराइने जनसंख्यालाई शोधकर्ताको शोध उदेश्य अनुरुप अध्ययन सम्पन्न गर्न उदेश्यमूलक नमूना छनौट विधि प्रयोग गरि नमूनाको छनोट गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

अध्ययनमा सामेल गरिने नमूना छनौट गर्दा  भौगोलिक रुपमा एकरुपता कायम गर्न एउटै स्रोतकेन्द्र भित्रका विद्यालयहरूमा अध्ययन केन्द्रित गरिएको छ । द्वितीय तथ्याङ्क बढि भन्दा बढि भरपर्दो र विश्वासिलोसंग प्राप्त हुने आधारमा सोहि स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरूलाई नमूना छनोटको आधार मानिएको छ । शोधार्थीको कार्यक्षेत्र सोहि स्रोतकेन्द्र रहेकोले कार्यसहजता लागि समेत नमूना छनोटको आधार मानियो ।

## ३.३ अनुसन्धानका साधनहरू

प्रस्तुत शोध कार्य पूरा गर्न निम्न अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ :

**क) अन्तवार्ता**

यस अध्ययन सम्पन्न गर्न विद्यालयको भौतिक व्यवस्थापन र सिकाइ उपलब्धिसंग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, विद्यालयका प्रधानाध्यापकहरु, शिक्षक तथा विद्यार्थीहरुसंग प्रत्यक्ष भेटघाट गरि प्राथमिक तथ्याङ्कहरु प्राप्त गर्न अन्तरवार्ता प्रक्रिया प्रयोग गरि अध्ययनलाई अघि बढाइएको छ ।

**ख) प्रश्नावली**

यस शोधकार्यका लागि आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरु पर्याप्त रुपमा प्राप्त गर्ने उद्देश्यले खुला तथा बन्द प्रश्नवली प्रयोग गरिएको छ । विद्यालयका शिक्षक, विद्यार्थी, प्र. अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट लिखित तथ्याङ्क, प्रतिक्रिया र धारणा प्राप्त गर्न यो तथ्याङ्क संकलनको साधन प्रयोग गरि शोधकार्य अघि बढाईएको छ ।

**ग)  अवलोकन फारम**

अध्ययनको नमूना छनोटमा परेका विद्यालयहरुको वर्तमान मौजुदा भौतिक व्यवस्थापनको अवस्था प्राप्त गर्न तथ्याङ्क संकलनको यो साधन प्रयोग गरिएको छ जसले ति

विद्यालयहरुको भौतिक विकासको स्तर र सिकाइ उपलब्धि बीच तुलनात्मक अध्ययन गरि निष्कर्षमा पुग्न सहज भएको छ ।

**घ) अभिलेख अध्ययन** यस अध्ययनको उद्धेश्य पुरा गर्न विद्यालयहरुको अभिलेख अध्ययन गरिको छ । भौतिक विकासमा गरिएको लगानीको विवरण, विद्यार्थीहरुको औसत सिकाइ उपलब्धि तथा विद्यार्थी भर्ना जस्ता द्धितीय तथ्याङ्कहरु प्राप्त गर्न विद्यालय अभिलेख प्रयोग गरि अध्ययन कार्य अघि बढाईएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

प्रश्नावली, अन्तरवार्ता, छलफल, अवलोकन, सर्वेक्षण फारमवाट प्राथमिक तथ्याङ्कहरू प्राप्त गरिएको छ भने विद्यालयको अभिलेख, नतिजा अभिलेख, भौतिक स्रोत अभिलेख, शिक्षा नियमावली, पत्रपत्रिका तथा प्रतिवेदनहरूवाट द्वितीय तथ्याङ्क प्राप्त गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र अभिलेख अध्ययनवाट प्राप्त गरिएको तथ्य तथ्याङकहरूलाई तालिकीकरण गरि तथ्याङकशास्त्रीय विधि अन्तर्गत प्रतिशत, औसत र स्तभ चित्रमा राखेर गुणात्मक र परिमाणात्मक तरिकाले विश्लेषण गरिएको छ ।

यस अध्ययन कार्य पूरा गर्न गुणात्मक र परिमाणात्मक तथ्याङ्कहरू लिएको छ । सिकाई उपलब्धि, भौतिक सामग्रीको उपलब्धता जस्ता पक्षको तथ्याङ्क विश्लेषण गर्न संख्यात्मक अनुसन्धान ढाँचा अपनाइएको छ भने गुणात्मक तथ्याङ्क विश्लेषण गर्न वर्णनात्मक र व्याख्यात्मक प्रक्रिया अपनाइएकोले गुणात्मक अनुसन्धान ढाँचामा समेत अनुसन्धान कार्य पुरा गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस परिच्छेदमा भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा झापा जिल्लाको बाहुण्डाँगी स्रोत केन्द्र भित्रका १३ वटा सामुदायिक विद्यालयहरुमध्ये ५ वटा विद्यालयहरु छनौट गरि त्यही विद्यालयहरुको विगत ३ वर्षमा भौतिक व्यवस्थापनमा गरिएको आर्थिक लगानी, विद्यार्थीहरुको सिकाइ उपलब्धि विवरण, कक्षागत तथा तहगत

विद्यार्थी विवरण, विद्यार्थी भर्नादर, बीचैमा कक्षा छाड्ने दर र उपलब्ध भौतिक अवस्थाको तुलनात्मक अध्ययनका लागि तथ्याङ्कहरुको प्रस्तुति, व्याख्या र विश्लेषण गरिएको छ । भौतिक विकासमा गरिएको लगानीको मात्रा र सोही आर्थिक वर्षमा प्राप्त विद्यालयको शैक्षिक उपलब्धिलाई समेत क्रमशः प्रस्तुत गरिएको छ । अध्ययनलाई प्रमाणिक र विश्वासिलो बनाउन तथ्याङ्कहरुलाई तथ्यपरक ढंगबाट व्याख्या विश्लेषण गर्न चार्ट, स्तम्भचित्र, वृत्तचित्र समेत क्रमशः प्रयोग गरिएको छ ।

## ४.१ भौतिक अवस्था र सिकाइ उपलब्धिको अवस्था

व्यवस्थापन कार्य त्यति सजिलो छैन । त्यसमा पनि विद्यालयको भौतिक व्यवस्थापन कार्य अझ जटिल बन्दै गएको छ । विद्यार्थीहरूको सिकाइ मनोविज्ञानमा आधारित रही उपलब्ध सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्नु कुशल व्यवस्थापकको कलात्मक कार्य हो । विद्यार्थीहरूको रुचि, क्षमता,पूर्वज्ञान, उमेर,उपलव्ध शैक्षिक सामग्री तथा विद्यालयको आर्थिक क्षमता अनुसार विद्यालयको भौतिक व्यवस्थापन गर्न सके मात्र अपेक्षित सिकाइ उपलब्धि हासिल

हुन सक्दछ (कोइराला, २०५९) । त्यसैले यस अध्ययनमा छनौटमा परेका विद्यालयहरूको भौतिक अवस्था अध्ययन अवलोकन गर्दा कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री, शौचालय, खानेपानी जस्ता भौतिक पक्षमा प्राप्त अनुदान र जनस्तरबाट संकलित आर्थिक सयोग समेत विद्यालयको भौतिक व्यवस्थापनमा खर्च भईरहेको देखियो ।

केहि विद्यालयहरू सरकारी अनुदानमा मात्र भर परेको पाईयो भने अधिकांश विद्यालयहरूले अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको सहयोगमा गैरसरकारी संघसंस्था तथा स्थानीय स्रोत परिचालन गरि आर्थिक समस्या समाधान गर्दै आएको पाईयो । भौतिक व्यवस्थापनमा विद्यालयहरूले गरेको लगानी र शैक्षिक उपलब्धिलको अवस्था अध्ययन गर्दा निम्न तथ्यहरू प्राप्त भयो ।

Taylar (१९११) को सिद्धान्त अनुसार कामदरको क्षमता अनुसार काम दिंदा कार्य सम्पादन राम्रो हने धारणा यस विद्यालयको व्यवस्थापनमा सरोकारवालाहरु मध्ये विषयगत क्षमता र सीप अनुसार शिक्षकहरुलाई कार्य गर्ने अवसर प्रदान गर्दा प्रभावपूर्ण हुने तथ्यसंग मेल खान्छ ।

**तालिका ४.१. भौतिक व्यवस्थापनको अवस्था र लगानीको स्थिति (हजारमा)**

| क्र. स. | विद्यालयहरूको नाम | भौतिकअवस्था को स्तर | शै.स.२०६३ | शै.स.२०६४ | शै.स.२०६५ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती मा.वि. | ७५ | ८.९९ | २५.६१ | १२.४१ | |
| २ | पशुपति मा.वि. | ८८ | ५१.२० | ७२.४० | १४२.५० | |
| ३ | नवज्योति नि.मावि. | ६७ | ४०.५१ | ६०.५७ | ९९.८१ | |
| ४ | कृष्ण नि.मा.वि. | ७० | ३१.६६ | ४४.५५ | ६५.४८ | |
| ५ | बलभद्र प्रा.वि. | ६५ | १६.७९ | १८.९० | २०.८६ | |
| | जम्मा | | १४९.१५ | २२२.०३ | ३४१.०६ | |

स्रोतः सा.ले. प. प्रतिवेदन, (२०६३, २०६४, २०६५)

तालिका ४.१ लाई विश्लेषण गर्दा अध्ययनमा सामेल विद्यालयहरुको अवस्थालाई अवलोकन फारममा उक्त विद्यालयहरुको सम्पूर्ण भौतिक अवस्थालाई मूल्याङ्कन गर्न १०० पूर्णाङ्क राखि गरिएको मूल्याङ्कनमा क्रमशः श्री सरस्वति मा. वि. को ७५ अङ्क, श्री पशुपति मा. वि. को ८८ अङ्क, श्री नवज्योति नि. मा. वि. को ६७ अङ्क, श्री कृष्ण नि. मा. वि. र श्री बलभद्र प्रा.वि. को ६५ अङ्क प्राप्त गरेको अवस्था देखिन्छ ।

उक्त तालिकामा प्रस्तुत तथ्याङ्कले सबैभन्दा उत्कृष्ट भौतिक व्यवस्थापनको अवस्था श्री पशुपति मा. वि. को देखिन्छ जसले ८८अङ्क प्राप्त गरेको छ । त्यसै गरि श्री बलभद्र प्रा. वि. को भौतिक व्यवस्थापनको अवस्था सबैभन्दा कमजोर देखिन्छ जसले सवैभन्द न्युन ६५ अङ्क प्राप्त गरेको अवस्था छ । तुलनात्मक रुपमा श्री सरस्वति मा. वि. र श्री कृष्ण नि. मा. वि. को भौतिक अवस्था मध्यम स्तरको छ । त्यसै गरि श्री नवज्योति नि. मा. वि. को अवस्था सुधारात्मक छ भने श्री बलभद्र प्रा. वि. को भौतिक व्यवस्थापनको स्तर कमजोर देखिन्छ ।

तिनै विद्यालयहरुले  विगतका तीन शैक्षिक वर्षहरूमा भौतिक व्यवस्थापनमा गरेको लगानीको अवस्थालाई तालिकामा प्रस्तुत गर्दा श्री सरस्वती मा.वि. ले शै.स. २०६३ मा रु.८.९९ हजार, २०६४ मा रु.२५.६१ हजार र शै.स.२०६४ मा रु.१२.४१ हजार विद्यालयको भौतिक विकासमा खर्च गरेको देखिन्छ भने सोहि शैक्षिक वर्षहरूमा श्री पशुपति मा.वि. ले


क्रमश रु.५१.२०, रु.७२.४० र रु.१४२.५० हजार खर्च गरेको देखिन्छ । त्यसै गरि सोहि वर्षहरू र शीर्षकमा श्री नवज्योति नि.मा.वि. ले रु.४०.५१, रु.६०.५७ र रु ९९.८१ हजार खर्च गरेको देखिन्छ । श्री कष्ण नि. मा.वि. ले विद्यालयको भौतिक सुधारमा शै.स. २०६३, २०६४ र२०६५ मा क्रमश रु. ३१.६६, रु४४.५५ र रु. ६५.४८ हजार खर्च गरेको देखिन्छ भने श्री बलभद्र प्रा.वि. ले सोहि वर्षहरू र शीर्षकमा रु.१६.७९, रु १८.९० र रु.२०.८६ हजार आर्थिक लगानी गरेको देखिन्छ ।

तालिका अनुसार विद्यालयहरूको भौतिक विकासमा गरिएको लगानीमा एकरुपता छैन । केहि विद्यालयहरूले भौतिक व्यवस्थापनमा अधिक लगानी गरेको देखिन्छ भने केहि विद्यालयहरूले यस क्षेत्रमा कम लगानी गरेको देखिन्छ ।

सबै विद्यालयहरुले आफ्नो आर्थिक हैसियत अनुसार  विद्यालयको भौतिक व्यवस्थापनको क्षेत्रमा खर्च गरेतापनि सिकाइलाई प्रत्यक्ष प्रभाव पार्ने पक्षलाई प्राथमिकता नदिएको पाईन्छ । त्यसै गरी हरेक वर्षमा गरिएको लगानीको वृद्धि दरमा सन्तुलन कायम गर्न विद्यालयहरु प्राय असमर्थ देखिएको तथ्य उपरोक्त तालिकामा प्रस्तुत तथ्याङ्कले देखाउँछ ।

अध्ययनमा सामेल गरिएका विद्यालयहरुले भौतिक व्यवस्थापनमा शैक्षिक सत्र २०६३, २०६५ र २०६५ मा गरेको आर्थिक लगानीको तथ्याङ्कलाई स्तम्भ चित्रमा यसरि प्रस्तुत गर्न सकिन्छ ।

**चित्र नं.४.१ भौतिक व्यवस्थापनमा गरिएको लगानी** (हजारमा)




प्रस्तुत स्तम्भ चित्रलाई विश्लेषण गर्दा नमूनामा परेका विद्यालयहरु मध्ये सबैभन्दा बढि पशुपति मा. वि. ले विद्यालयको भौतिक विकासमा लगानी गरेको देखिन्छ । यस विद्यालयले प्रत्येक वर्ष भौतिक पक्षको विकासमा लगानी वृद्धि गर्दै गरेको देखिन्छ । यो विद्यालयले अन्य विद्यालयको तुलनामा आफ्नो विद्यालयलाई भौतिकरुपले मजवुत बनाउँदै अनुकुल शैक्षिक वातावरण निर्माण गर्न प्रयत्नशील रहेको देखिन्छ । यसरी भौतिक विकासमा गरेको पर्याप्त लगानीको फलस्वरुप विद्यालयको वातावरण निकै आकर्षक देखिन्छ जसले विद्यार्थी संख्यामा वृद्धि,उच्च उतिर्ण प्रतिशत जस्ता सकारात्मक सूचकहरु रहेको विद्यालय अवलोकनको क्रममा प्राप्त भयो । त्यसै गरि भौतिक विकासको पक्षमा बलभद्र प्रा. विं र सरस्वती मा. वि. ले सवैभन्दा न्युन लगानी गरेको देखिन्छ । यी दुई विद्यालयको हरेक वर्षको वृद्धि दर समेत अत्यन्तै न्युन देखिन्छ । बलभद्र प्रा.वि. को विद्यार्थी संख्या ज्यादै न्युन देखिन्छ । विद्यार्थीहरुलाई सोधिएको प्रश्नावलीद्वारा गरिएको अध्ययन अनुसार आकर्षक र सुविधा सम्पन्न विद्यालयमा पढ्न मन पराउने तथ्य प्राप्त भएको छ भने  नकारात्मक सूचक भएको विद्यालयम कम विद्यार्थी आकर्षित हुने गरेको पाइयो ।

सबै विद्यालयहरु सरकारी सामुदायिक विद्यालय भए पनि भौतिक विकासमा गरिएको लगानीमा एकरुपता छैन । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा ६० प्रतिशत विद्यालयहरुले भौतिक व्यवस्थापनलाई महत्व दिएर लगानीमा वृद्धि गरेको देखिन्छ भने ४० प्रतिशत विद्यालयहरुले कम महत्व दिएको देखिन्छ । शैक्षिक सत्र २०६५ मा पशुपति मा. वि. ले रु.१,४२,५०० भौतिक पूर्वाधार विकासमा खर्च गर्दा सरस्वति मा. वि. ले रु.१२,४१० मात्र यो पक्षमा खर्च गरेको तथ्यले भौतिक पुर्वाधार विकासमा सबै विद्यालयको समान लगानी र प्राथमिकता देखिदैन । भौतिक व्यवस्थापनमा गरिएको लगानीको तथ्याङ्लाई हेर्दा नवज्योति नि. मा. वि. र कृष्ण नि. मा. वि. को लगानी वृद्धि दर नियमित र सन्तुलित देखिनछ । यी विद्यालयहरुको औसत वृद्धि दर ३० प्रतिशत देखिएको छ । विद्यालयको भौतिक विकासमा खर्च गर्दा वित्तिय अनुशासन कायम गरेको पाईन्छ । सोहि स्तम्भ चित्र अध्ययन गर्दा विगत तीन वर्षहरुमा अघिल्ला दुई वर्ष भन्दा पछिल्लो शैक्षिक वर्ष २०६५ मा सवै विद्यालयहरुले उच्च लगानी गरेकाले वित्तिय भाषामा उक्त वर्षलाई उत्कृष्ट लगानीको वर्ष मान्न सकिन्छ ।

## ४.२ भौतिक व्यवस्थापन र सिकाइ उपलब्धिको सम्बन्धको लेखाजोखा ।

भौतिक व्यवस्थामा गरेको लगानीको अनुपातमा सिकाइ उपलब्धिको स्तरमा के कस्तो सुधार भयो या भएन भन्ने तथ्य प्राप्त गर्न अध्ययनमा सामेल विद्यालयहरुको भौतिक व्यवस्थापनमा गरिएको लगानीको अवस्था र सिकाइ उपलब्धिको अवस्था विश्लेषण गर्न आवश्यक छ । प्राप्त तथ्याङ्कहरुलाई तालिकामा यसरि प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ विद्यार्थीहरूको विषयगत र कक्षागत सिकाइ उपलब्धि ।**

| क.स. | विद्यालयको नाम | भौतिक पक्षमा गरेको लगानी (हजारमा) शै. स.२०६५ | भौतिक व्यवस्थापन को स्तर | विषयगत औसत सिकाइ उपलब्धि (कक्षा ५) | | | कक्षागत सिकाइ उपलब्धि% |
|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | गणित | अंग्रेजी | |
| १ | सरस्वती मा.वि | २५.६१ | ७५ | ५४ | ५१ | ४८ | ५१ |
| २ | पशुपति मा.वि. | १४२.५० | ८८ | ५५ | ५६ | ५० | ६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | नवज्योति नि.मा.वि. | ९९.८१ | ६७ | ५५ | ३८ | ४० | ४७ |
| ४ | कृष्ण नि.मा.वि. | ६५.४१ | ७० | ५१ | ३९ | ४१ | ४५ |
| ५ | बलभद्र प्रा.वि. | २०.८६ | ६५ | ३६ | ३४ | ५० | ४६ |


स्रोतः कक्षा ५ को मार्क लेजर, २०६५

तालिका ४.२ लाई विश्लेषण गर्दा अध्ययनमा सामेल गरिएका विद्यालयहरूको शैक्षिक सत्र २०६५ को कक्षा ५ को विषयगत र कक्षागत सिकाई उपलब्धिको विवरण देखिन्छ। कक्षा ५ को मुख्य तीन विषयहरूको सिकाइ उपलब्धि उल्लेख भएको छ। सरस्वती मा.वि.को कक्षा ५ को नेपाली, गणित र अंग्रेजी विषयमा क्रमशः ५४,५१ र ४८ औसत अंक प्राप्त भएको देखिन्छ भने सोहि विद्यालयको कक्षा ५ को कक्षागत सिकाई उपलब्धि ५१% देखिन्छ। त्यसैगरि पशुपति मा.वि.को कक्षा ५ को सोहि विषयहरूमा क्रमश ५५,५६ र ५० औसत अंक प्राप्त भएको देखिन्छ भने कक्षागत सिकाइ उपलब्धि ६०% देखिन्छ। नवज्योति नि.मा.वि.मा सोहि कक्षा र विषयहरूमा क्रमश ५५,३८ र ४० औसत अंक प्राप्त भइको देखिन्छ भने कक्षागत सिकाइ उपलब्धि ४७% देखिन्छ। कृष्ण नि.मा.वि को विषयगत उपलब्धि क्रमश ५१,३९ र ५१ अंक प्राप्त भएको देखिन्छ भने कक्षागत सिकाइ उपलब्धि ४५% रहेको देखिन्छ। त्यस्तै बलभद्र प्रा.वि. मा विषयगत सिकाइ उपलब्धि क्रमशः ३६,३४ र ५० हासिल भएको देखिन्छ भने कक्षा ५ को कक्षागत सिकाइ उपलब्धि ४६% रहेको देखिन्छ।

तालिका ४.२ मा प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा भौतिक व्यस्थापनमा बढि लगानी गर्ने वा व्यवस्थापनको स्तर राम्रो भएको विद्यालयको विषयगत तथा कक्षागत सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ। तालिका अनुसार पशुपति मा. वि. को सबैभन्दा बढि लगानी र भौतिक व्यवस्थापन स्तर भएकोमा उक्त विद्यालयको कक्षागत सिकाइ उपलब्धि ६० प्रतिशत छ भने न्युन लगानी र व्यवस्थापन स्तर रहेको बलभद्र प्रा. वि.को सिकाइ उपलब्धि स्तर ४६ मात्र छ। यसरी भौतिक व्यवस्थापनको अवस्था र सिकाइ उपलब्धि बीच एकआपसमा सम्बन्ध रहेको देखिन्छ।

अध्ययनमा नमूना छनोटमा परेका विद्यालयहरुको विषयगत सिकाइ उपलब्धिलाई स्तम्भ चित्रमा प्रस्तुत गरि निम्नानुसार देखाउन सकिन्छ ।

**चित्र ४.२ विषयगत औसत सिकाइ उपलब्धि**




स्रोत: मार्क लेजर, २०६५

प्रस्तुत स्तम्भ चित्रमा अध्ययनमा सामेल गरिएका विद्यालयहरुको प्राथमिक तहको मुख्य तीन विषय नेपाली, गणित र अंग्रेजीको शैक्षिक सत्र २०६५ को वार्षिक औसत सिकाइ उपलब्धि अङ्क देखिन्छ । कक्षा ५ का विद्यार्थीहरुले प्राप्त गरेको उक्त प्रगति विवरण हेर्दा कुनै विद्यालयले पनि प्रथम श्रेणी हाँसिल गर्न सकेको देखिदैन । सबै विद्यालयहरुको दोस्रो भाषाको रुपमा पठनपाठन हुने अंग्रेजी विषयको औसत अङ्क ज्यादै न्युन देखिन्छ जसले निजि विद्यालयको तुलनामा सरकारी सामुदायिक विद्यालयको गुणस्तर कम छ भन्ने आरोपको थप पुष्टि गर्छ ।

## ४.३ सिकाइ उपलब्धिमा भौतिक व्यवस्थापनको प्रभाव विश्लेषण

प्रस्तुत तथ्याङ्कको व्यख्या विश्लेषण गर्दा अध्ययनमा सामेल विद्यालयको व्यवस्थापनको स्तर उत्कृष्ट भएका विद्यालयहरुको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ । विद्यालयका बीचैमा विद्यालय छाड्ने दर, उतिर्ण प्रतिशत, विद्यार्थी संख्या जस्ता गुणात्मक सूचकहरुले विद्यालयको भौतिक व्यवस्थापनसंग प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जसलाई तालिकामा यसरि प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ शैक्षिक सत्र २०६५ को विद्यार्थी संख्या**


| क्र.स. | विद्यालय | प्रा.वि.तह | | जम्मा | कक्षा ५ | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | | छात्रा | छात्र | |
| १ | सरस्वती मा.वि. | १३१ | १०२ | २३३ | ३२ | २० | ५२ |
| २ | पशुपति मा.वि. | १५० | १३० | २८० | ५५ | ४५ | १०० |
| ३ | नवज्योति नि.मा.वि | १०९ | ११३ | २२२ | २० | २१ | ४१ |
| ४ | कृष्ण नि.मा.वि. | ७४ | ७७ | १५१ | ३३ | ३० | ६३ |
| ५ | बलभद्र प्रा.वि. | ५५ | ६६ | १२१ | १५ | १९ | ३४ |

स्रोत: flash, १,२ (२०६५)

तालिका ४.३ लाई विश्लेषण गर्दा शैक्षिक सत्र २०६५ मा सरस्वती मा.वि.को प्राथमिक तहमा छात्रा १३१ र छात्र १०२ गरि जम्मा २३३ जना विद्यार्थीहरू देखिन्छ भने कक्षा ५ मा छात्रा ३२ र छात्र २० गरि जम्मा ५२ जना विद्यार्थी भर्ना भएको देखिन्छ । त्यसैगरि उक्त तहमा पशुपति मा.वि.मा छात्रा १५० र छात्र १३० गरि जम्मा २८० विद्यार्थी भर्ना भएको देखिन्छ भने सोहि विद्यालयको कक्षा ५ मा छात्रा ५५ र छात्र ४५ गरि जम्मा १०० विद्यार्थी रहेको पाइयो । नवज्योति नि.मा.वि.को प्रा.वि तहमा छात्रा १०९ र छात्र ११३ गरि जम्मा २२२ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने छात्रा २० र छात्र २१ जना कक्षा ५ मा भर्ना भएको देखिन्छ । कृष्ण नि.मा.वि. मा यस तहमा छात्रा ७४ र छात्र ७७ जना गरि जम्मा १५१ जना र कक्षा ५ मा मात्र छात्रा ३३ र छात्र ३० जना विद्यार्थीहरू भर्ना भएका छन् । सोहि वर्ष र तहमा बलभद्र प्रा.वि.को छात्रा ५५ र छात्र ६६ गरि १२१ विद्यार्थी भर्ना भएको

देखिन्छ भने कक्षा ५ मा छात्रा १५ र छात्र १९ गरि जम्मा ३४ जना विद्यार्थी भर्ना भएको देखिन्छ ।

**चित्र ४.३ तहगत र कक्षागत विद्यार्थी संख्या**




स्रोतः flash report (२०६५)

प्रस्तुत स्तम्भ चित्रमा अध्ययनमा सामेल भएका विद्यालयहरुको प्राथमिक तह र सोहि विद्यालयहरुको कक्षा ५ को शैक्षिक सत्र २०६५ मा भर्ना भएका जम्मा विद्यार्थी संख्याको विवरण देखिन्छ । चित्र अनुसार पशुपति मा. वि. मा सवै विद्यालयहरुमा भन्दा बढि विद्यार्थी भर्ना भएको देखिन्छ । प्राथमिक तहमा २८० जना र कक्षा ५ मा १०० जना विद्यार्थी भर्ना भएको देखिन्छ भने सवै भन्दा कम १२१ प्राथमिक तह र ३४जना कक्षा ५ मा बलभद्र प्राथमिक विद्यालयमा विद्यार्थी भर्ना भएको देखिन्छ । चित्र १ को स्तम्भले देखाएको तथ्याङ्क अनुसार भौतिक विकासमा पर्याप्त आर्थिक लगानी गरेको पशुपति मा. वि. मा विद्यार्थी भर्ना उच्च रहेको छ भने कम आर्थिक लगानी गर्ने बलभद्र प्रा. वि. को सोहि तह र कक्षामा न्युन विद्यार्थी भर्ना देखिएकोले भौतिक सुविधाले विद्यार्थी भर्ना प्रभावित हुँदोरहेछ भन्ने तथ्य प्राप्त भएको छ ।

शैक्षिक सत्र २०६५ मा अध्ययनमा सामेल गरिएका विद्यालयहरूको कक्षा ५ मा बीचैमा विद्यालय छाड्ने विद्यार्थीहरूको अवस्था ।

विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरू अन्तिम परीक्षा सम्म रहन सक्दैनन् । भर्ना भएका विद्यार्थीहरू शैक्षिक सत्रको बीचैमा विभिन्न कारणले विद्यालय छाड्ने गर्दछन । यसै तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।


**तालिका ४.४ कक्षा ५ मा बीचैमा विद्यालय छाड्ने विद्यार्थी,उतिर्ण प्रतिशत र भौतिक अवस्थाको स्तर**

| क.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | बीचैमा कक्षा छाड्ने प्रतिशत | उतिर्ण प्रतिशत | भौतिक स्तर अङ्क १०० मा रेटिङ गर्दा |
|---|---|---|---|---|---|
| १ | सरस्वती मा.वि. | ५२ | ५ | ८० | ७५ |
| २ | पशुपति मा.वि. | १०० | ४ | ९० | ८८ |
| ३ | नवज्योति नि.मा. वि. | ४१ | ८ | ८५ | ६७ |
| ४ | कृष्ण नि. मा. वि. | ६३ | ८ | ८० | ७० |
| ५ | बलभद्र प्रा. वि. | ३४ | १० | ७० | ६५ |

स्रोतः flash १, २ (२०६५) र स्थलगत भ्रमण

तालिका ४.४ को तथ्याङ्क विश्लेषण गर्दा सरस्वती मा. वि.मा भर्ना भएका ५२ विद्यार्थी मध्ये ५% विद्यार्थी ड्रपआउट भएका छन् ८०% विद्यार्थी कक्षा उतिर्ण भएका छन् । त्यसैगरि पशुपति मा.वि. का भर्ना भएका १०० विद्यार्थी मध्ये ४% विद्यार्थीले कक्षा छाडेका छन् भने ९०% विद्यार्थीहरू कक्षा उतिर्ण भएका छन् । नवज्योति नि. मा. वि. का भर्ना भएका ४१ विद्यार्थीहरू मध्ये ८% विद्यार्थीहरूले विद्यालय छाडेका छन् भने ८५% विद्यार्थीहरू कक्षा उतिर्ण भएका छन् । त्यसै गरि कृष्ण नि.मा. वि.का ६३ जना विद्यार्थी कक्षा ५ मा भर्ना भएकोमा ८% विद्यार्थीहरूले पढाई छाडेका छन् । त्यस्तै बलभद्र प्रा. वि. मा भर्ना भएका ३४ विद्यार्थीहरू मध्ये १०% विद्यार्थीहरूले बीचैमा कक्षा छाडेका छन् ।

**चित्र ४.४.शैक्षिक सत्रको बीचैमा विद्यालय छाड्ने विद्यर्थीको अवस्था**




स्रोतः flash report ,२०६५

प्रस्तुत वृत्तचित्रले यस अध्ययनमा सामेल गराउन छनोट गरिएका विद्यार्थीहरु मध्ये विद्यालयका शैक्षिक सत्रको बीचैमा विद्यालय छाडेका विद्यार्थीहरुको संख्या देखाउँछ । उक्त चित्रले भर्ना भएका विद्यार्थी मध्ये सवै भन्दा धेरै बलभद्र प्रा. वि. का विद्यार्थी ड्रपआउट भएका छन् भने पशुपति मा. वि. का विद्यार्थीहरु सवै भन्दा कम ड्रपआउट भएका छन् । विद्यालयमा गरिएको लगानीको मात्रा र बीचैमा कक्षा छाड्ने विद्यार्थी संख्या बीच तुलनात्मक अध्ययन विश्लेषण गर्दा विद्यार्थीको ड्रपआउट दर वा अवस्थालाई विद्यालयको भौतिक व्यवस्थापनमा गरिने लगानीले प्रभाव पार्ने देखिन्छ ।

Maslow को अभिप्रेरणाको सिद्धान्तको आवश्यकतको श्रृखला Hierarchy of Needs मा भने अनुसार मानिसका अनन्त इच्छा तथा आवश्यकता हुन्छन् तर पहिलो वा आधारभूत आवश्यकता पुरा भएपछि मात्र अन्य आवश्यकताको प्राथमिकीकरण गरिन्छ भन्ने तथ्य घरेलु काम को कारणवाट पढाई छाड्ने अवस्थासंग मेल खान्छ किनकी आर्थिक अभावका कारण गाँस, वास र कपासको आवश्यकतालाई पढाइ छाड्ने बालबालिकाहरुले शिक्षालाई भन्दा पहिलो प्राथमिकीकरण गरेको पाईन्छ ।


तालिका ४ मा अध्ययनमा सामेल गरिएका विद्यालयहरूको स्थलगत भ्रमण गरि तिनै विद्यालयको उपलव्ध भौतिक अवस्थाको अवलोकन गरि रेटिङ स्केलद्वारा मापन गर्दा प्राप्त अङ्कहरुलाई राखिएको छ ।

उक्त विद्यालयहरूको भौतिक व्यवस्थापन पक्षलाई स्तरिकरण गर्दा सरस्वती मा. वि.ले ७५, पशुपति मा. वि. ले ८८, नवज्योति नि.मा.वि. ले ६७, कृष्ण नि.मा. वि. ले ७० र बलभद्र प्रा. वि.ले ६५ अङ्क प्राप्त गरेका छन् । तालिका अनुसार भौतिक व्यवस्थापन राम्रो भएका विद्यालयको उतिर्ण प्रतिशत उच्च देखिन्छ भने विद्यालय छाड्ने दर न्युन रहेको देखिन्छ । त्यसै गरि भौतिक अवस्था कमजोर रहेको विद्यालयको उतिर्ण प्रतिशत न्युन देखिन्छ भने विद्यालय छाड्ने  दर उच्च देखिन्छ । भौतिक व्यवस्थापनमा लगानी वृद्धि गरि आकर्षक र सुविधा सम्पन्न विद्यालयको विद्यार्थी भर्ना दर,उतिर्ण प्रतिशत र सिकाइ उपलब्धि प्रतिशत उच्च हुने देखिन्छ भने शैक्षिक सत्रको बीचैमा पढाई छाड्ने प्रक्रियाबाट हुने शैक्षिक क्षति पनि न्युन देखिन्छ ।

यी विद्यालयहरू मध्ये पशुपति मा. वि.मा विद्यार्थी संख्या धेरै देखिन्छ जसको भौतिक व्यवस्थापनमा ८८ अङ्क छ र ४% विद्यार्थी मात्र डपआउट दर कायम गरि ९०% विद्यार्थी उतिर्ण गर्न सफल भएको छ । भौतिक व्यवस्थापनमा सबै भन्दा कम अङ्क ६५ प्राप्त गरेको बलभद्र प्रा. वि. ले सबै भन्दा बढि १०% विद्यार्थी डपआउट गराई ७०% विद्यार्थी मात्र कक्षा उतिर्ण गराएको छ ।

यसरी विद्यालयको भौतिक व्यवस्थापनको अवस्थासंग विद्यार्थीको सिकाइ उपलब्धि,बीचैमा कक्षा छाड्ने दर,विद्यार्थी भर्नाको संख्या र उतिर्ण प्रतिशत बीच अन्तरसम्वन्ध हुने देखिन्छ जसलाई स्तम्भ चित्रमा यसप्रकार छ ।

**चित्र ४.५ विद्यार्थी संख्या, बीचैमा कक्षा छाड्ने विद्यार्थी संख्या, उतिर्ण प्रतिशत र भौतिक व्यवस्थापनको स्तर ।**




स्रोत :मार्कलेजर,अवलोक नफारम,२०६५

## ४.४ भौतिक व्यवस्थापनमा देखिएका समस्याहरू

सिकाइ मनोविज्ञानमा आधारित क्रिया हो । सिक्नका लागि अनुकूल सिकाइ वातावरण, आकर्षक र सुविधायुक्त कक्षाकोठा र फर्निचर लगायतका भौतिक पक्षहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । युग सुहाउँदो विज्ञान र प्रविधियुक्त शैक्षिक सामाग्रीको आवश्यक पर्दछ । सबैका लागि गुणस्तरयुक्त शिक्षाका विश्वव्यापी सम्मेलन र घोषणापत्रमा उल्लेखित लक्ष्य तथा उद्धेश्य प्राप्त गर्न हाम्रो देश तथा समुदाय समेत क्रियाशील रहेको परिप्रेक्ष्यमा ति लक्ष्यहरू प्राप्त गर्ने क्रममा प्रशस्त समस्याहरू समेत विधमान छन । आर्थिक विपन्नता र सकारात्मक सोचको अभावबाट ग्रसित हुने प्रवृत्ति हाम्रो समाज र राष्टकै समस्याको रुपमा यो अध्ययनको क्रममा प्राप्त भएको छ । शोध कार्यको क्रममा विद्यालयको भौतिक व्यवस्थापनका विविध पक्षहरूकमा गएिको स्थलगत भ्रमण, अवलोकन, सरोकारवालाहरूको विचार, अन्तरवार्ता तथा द्धितीय तथ्याङ्कहरूबाट प्राप्त हुनसकेका समस्याहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.४.१. विद्यालय भवन

सवै विद्यालयहरू एकै प्रकारका छैनन् । सरकारी अनुदानमा परेका भवनहरू विद्यालयका आवश्यक्ता पुरा गर्ने गरि भन्दा दातृसंस्था वा सरकारी मापदण्ड अनुकुल वनाउनु पर्ने भएकोले अधिकांश तलाविहीन र छाना भएको विद्यालय भवन निर्माण गर्नुपर्ने वाध्यता छ

जसले भवन निर्माण स्थलको अभाव हुने गरेको छ । त्यसै गरि कमजोर आर्थिक अवस्थाका विद्यालयहरूले साझेदारी भवन निर्माण गर्न सकेका छैनन । दक्ष भवन निर्माणकर्ताको अभावमा, सरकारी अनुदानका भवनहरूमा तला थप गर्न नपाईने, भवन निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने निकायको अभाव,अभिभावकको कमजोर आर्थिक अवस्था जस्ता समस्याहरू अध्ययनको क्रममा प्राप्त भए ।

### ४.४.२. फर्निचर तथा कक्षाकोठा

विद्यालयहरूको उमेर, उचाई, शारीरिक अवस्था अनुसार सुविधायुक्त फर्निचरहरू नभएकोले शिक्षण सिकाइमा समस्या आईपरेको धारणा अधिकांश शिक्षक तथा विद्यार्थीहरूले व्यक्त गरेको पाइयो । सिकाइ क्रियाकलाप संचालन गर्न सकिने कक्षाकोठा र फर्निचर हुनुपर्ने तथा उपयुक्त स्थानमा झ्याल ढोका हुनुपर्ने देखिन्छ ।

### ४.४.३ शैक्षिक सामग्री

सिकाइलाई क्रियाकलापमुखि, विद्यार्थी केन्द्रित, व्यवहारिक, अर्थपूर्ण र दीगो बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययनमा सामेल विद्यालयहरूमा शैक्षिक सामग्रीको अवस्था सामान्य देखिन्छ । उपलव्ध शैक्षिक सामग्रीहरू उचित व्यवस्थापनको अभावमा खेर जाने अवस्थामा छ । शिक्षकहरूमा सिकाइ सामग्री प्रयोग गर्ने सीप र समयको अभाव, नयाँ प्रविधियुक्त सामग्रीको प्रयोग गर्ने प्रेरणाको अभाव, सुरक्षाको अभाव जस्ता समस्याहरू प्राप्त भएका छन् ।

### ४.४.४ पुस्तकालय

अधिकांश विद्यालयहरूमा छुट्टै पुस्तकालय कक्षको व्यवस्था भएको पाइएन । ८०% विद्यालयहरूमा कार्यलय कक्षको एउटा दराजलाई पुस्तकालयको रुपमा प्रयोग गरेको देखिन्छ भने २०% विद्यालयको मात्र छुट्टै पुस्तकालय कोठा र अध्ययन गर्न मिल्ने फर्निचरको व्यवस्था छ । पुस्तकालय व्यवस्थापनका लागि दक्ष कर्मचारीको अभाव देखिन्छ । शिक्षण सिकाइकालागि दैनिक रुपमा प्रयोगमा आउने पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ पुस्तक तथा निरन्तर मूल्याङ्कन प्रणाली निर्देशिका जस्ता अत्यावश्यक पाठ्यपुस्तकहरू व्यवस्थित रुपमा राखिएको छैन । पुस्तकालयलाई अध्ययन केन्द्रको रुपमा दीगो विकास गर्ने

गुरुयोजना नत विद्यालयसंग छ नत वि.व्य.स. संग नै छ । विद्यार्थीहरूमा पनि अध्ययनशीलतामा ह्रास आईरहेको देखिन्छ । पुस्तकालयलाई ज्ञान र सूचनाको स्रोतकेन्द्र बनाउनु पर्छ भन्ने सोचको विकास हुन नसकेको देखिन्छ । अभिभावकहरूमा पुस्तकालयप्रति खासै चासो र चिन्ता नहुने समस्या व्याप्त छ । शिक्षक तथा विद्यार्थीहरूमा नयाँ नयाँ पुस्तक पढ्ने रुचि घटेको पाइन्छ । भएका पुस्तकहरू पनि उचित सुरक्षाको अभावमा जिर्ण अवस्थामा रहेको छ ।

## ४.४.५. खानेपानी

विद्यालय सभ्यता र सुसंस्कृतिको स्रोतकेन्द्र बन्नुपर्छ । स्वस्थ मस्तिस्कमा स्वस्थ ज्ञानको प्रवेश हुन्छ । विद्यार्थी तथा शिक्षकहरु स्वस्थ भएमात्र सिक्ने सिकाउने प्रक्रिया प्रभावकारी हुन्छ । मानव स्वाथ्यकालागि पानी अति आवश्यक छ । त्यसैले विद्यालयमा स्वच्छ सफा पिउने पानी उपलव्ध हुनु आवश्यक छ । शोध कार्यमा सामेल विद्यालयहरूको पिउने पानीको उचित प्रवन्ध नभएको देखिन्छ । विद्यालयमा उपलव्ध भएको पानी स्वच्छ र निर्मलिकरण गरिएको छैन । अधिकांश वालवालिकाहरू दुषित पानी पिउन वाध्य छन् । भौगोलिक अवस्था पनि पानी अभाव हुने क्षेत्र भएकोले पिउने पानीको अति जटिल अवस्था छ । स्वच्छ पिउने पानीको व्यवस्थ गर्न प्राय सबै विद्यालयहरूको पहुँच वाहिरको विषय वनेको बताउनु हुन्छ सवै विद्यालयका प्र. अ. तथा वि.व्य. स.का पदाधिकारीहरू । राज्यस्तर वा सरकारी तथा गैरसरकारी संघसंस्था र समुदायको संयुक्त पहल भए मात्र त्यस क्षेत्रका विद्यालयहरू पिउने पानीको समस्याबाट मुक्ति पाउने देखिनछ ।

## ४.४.६ शौचालय

विद्यालयलाई स्वच्छ, सफा र सुन्दर राख्न शौचालयको आवश्यकता पर्दछ । असल बानीहरू निर्माण गर्ने थलो विद्यालय हो ।  राम्रा बानीहरूको विकास वा निर्माण नै सिकाइ वा शिक्षा हो । शौचालयको उचित प्रयोगले वातावरण स्वच्छ बन्दछ । अनुकुल शैक्षिक वातावरण कायम गर्न शौचालयको महत्वपूर्ण भूमिका हुन्छ । अध्ययनमा सामेल गर्न छनौट गरिएका विद्यालयहरूमा विभिन्न दातृ निकायहरूद्वारा निर्माण गरिएका दुइ देखि पाँचकोठे शौचालयहरू उपलव्ध छन् । सवै शौचालयहरू विद्यार्थीहरूको उमेर, अवस्था लिङ्ग अनुकुल नभएको देखिन्छ । नियमित सरसफाईको अभाव व्याप्त भै धेरै विद्यार्थीहरूले शौचालय

बाहिर दिशा पिसाव गर्ने समस्या देखिन्छ । पानीको नियमित आपूर्ति नहुने अर्को जटिल समस्याले शौचालयको दुरुपयोग भएको पाइयो । सवै शौचालय प्रयोगकर्ताहरूमा अपनत्वको भावना समान रुपमा महशुस नहुँदा सुरक्षामा समस्या देखिन्छ । नियमित सरसफाई गर्ने संयन्त्र वा कर्मचारीको व्यवस्था नभएकोले शौचालयहरू जिर्ण हुने क्रममा छन् । दुर्गन्ध र प्रदुषण रोकथाम गर्न औषधि प्रयोग भएको छैन ।

### ४.४.७ खेलमैदान

वलवालिकाहरू खेलखेल्न मन पराउँछन । विद्यार्थीहरूको शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक विकास गर्न शिक्षणसिकाइ सगै अतिरिक्त क्रियाकलाप तथा सह क्रियाकलाप गराउनु पर्छ । सोहि तथ्यलाई मनन गरि प्राय विद्यालयहरूले खेलमैदानको व्यवस्था गरेका हुन्छन् । अध्ययनमा सामेल ८०% विद्यालयको खेलमैदान राम्रो अवस्थामा रहेको पाईयो । २०% विद्यालयको खेलमैदान उपयुक्त नभएको भेटियो । खेलमैदान व्यवस्थापनमा समुदायको सहयोग प्राप्त भएको सकारात्मक पक्ष प्राप्त भयो ।

## परिच्छेद पाँच :  प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्ति

भौतिक व्यावस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभाव अध्ययन झापा जिल्लाको बाहुनडाँगी श्रोत केन्द्र अन्तरगत २ वटा मा.वि., २ वटा नि.मा.वि.र एउटा प्रा.वि गरि ५ वटा सामूदायिक विद्यालयहरूमा केन्द्रित रहयो । तिनै विद्यालय र तिनका सरोकारवालाहरूवाट प्राप्त सूचना तथ्याङ्क र स्थलगत अध्ययनवाट प्राप्त तथ्यहरूको सैदान्तिक र व्यवहारिक आधारमा अध्ययन विश्लेषण गर्दा निम्नानुसारको प्राप्तिहरू प्रस्तुत गरिएको छ ।

अध्ययनको क्रममा नमूनामा सामेल विद्यालयहरूको भौतिक अवस्था सुदृढ गर्न ठूलो धनराशी खर्च भएको पाइयो । सरकारी अनुदानको तुलनामा स्थानीय समुदायको बढि आर्थिक लगानी भएको देखिन्छ भौतिक व्यवस्थापन सुदृढ भएको विद्यालयहरूको सिकाइ उपलब्धि स्तर उच्च रहेको पाइयो । त्यसैगरी भौतिक अवस्था राम्रो भएका विद्यालयहरूको उर्तिण प्रतिशत उच्च रहेको पाइयो । शैक्षिक गुणस्तर र उर्तिण प्रतिशत दर उच्च रहेको

विद्यालयको ड्रपआउट दर न्यून रहेको तथ्य पाइयो । भौतिक पुर्वधार न्यूनरहेको विद्यालयहरूको सिकाई उपलब्धि र उतिर्ण प्रतिशत न्यून रहेको पाइयो । शैक्षिक सामग्री, खानेपानीको व्यवस्था, पुस्तकालयको प्रबन्ध, आर्कषक कक्षाकोठा तथा सुविधायुक्त भवनको उपलब्धताले अनुकुल शैक्षिक वातावरण कायम गरेको पाइयो । न्यून भौतिक अवस्थाका विद्यालयहरूको विद्यार्थी संख्या कम रहेको, सिकाइ उपलब्धि स्तर न्यून रहेको उर्तिण प्रतिशत समेत कम रहेको पाइयो । अध्ययनमा सामेल ५ वटा विद्यालयहरु मध्ये २० प्रतिशत विद्यालयले प्राथमिक तहका विद्यालयको भन्दा न्यून बजेट भौतिक व्यव्स्थापनमा खर्च गरिएको पाइयो । भौतिक व्यवस्थापनका लागि दिइने सरकारी अनुदान फरक फरक पाइयो भने अनुदान वितरणमा पारदर्शिता नभएको गुनासो समेत पाइयो । विद्यालयको स्तर वृद्धि गर्न समुदायसँगको अन्तरक्रिया न्यून भई ४० प्रतिशत विद्यालयको भौतिक पुर्वधार विकास सन्तुलित रुपमा नभएको देखियो । विद्यालय सुधार योजनामा उल्लेख गरेका भौतिक व्यवस्थापनका प्रतिबद्धताहरू पुरा नभएको पाइयो । तुलनात्मक रुपमा बढि प्रतिशत प्रतिबद्धता पुरा गर्ने विद्यालयको शैक्षिक स्तर राम्रो देखिन्छ । दीगो र योजनाबद्ध भौतिक संरचना निर्माण गर्ने परम्परा न्यून देखियो । वि. व्य. स.का विकास निर्माणका निर्णयहरू ७५% मात्र पुरा भएको देखिन्छ । योजना कार्यान्वयन पछि कार्य समिक्षा गर्ने परम्परा न्यून रहेको पाइयो । १०% विद्यालय सरकारी अनुदानमा मात्र भरपर्ने गरेको देखियो भने ९०% विद्यालयहरूले स्थानीय स्रोत परिचालन गर्न समुदायसँग सहकार्य गर्ने गरेको पाइयो । ५०% विद्यालयले विद्यालयको अधिकतम हितका पक्षमा समस्याहरू जिल्लासम्म पुऱ्याएको पाइयो भने ५०% विद्यालयहरूले स्थानीय स्तरमा मात्र समस्याका विषयमा छलफल गर्ने गरेको पाइयो । स्थानीय निकायसँग सबै विद्यालयहरूको न्यून समन्वय देखियो । प्राय सबै विद्यालयहरूको दीगो आर्थिक स्रोत नभएको पाइयो । समस्याहरूको समाधानका लागि उपयुक्त विकल्पहरूको खोजी गर्न वृहत छलफल गर्न ६०% विद्यालय सफल छन् भने ४०% विद्यालयले औपचारिकता मात्र पूरा गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयलाई अनुकुल सिकाई वातावरण दिनु आवश्यक छ । व्यवहारिक र गुणस्तरिय शिक्षा शिक्षणका लागि विद्यालय आर्कषक र उपयुक्त कक्षाकोठा, फर्निचर, सिकाई सामग्री जस्ता भौतिक संरचनाहरूको कलात्मक र वैज्ञानिक व्यवस्थापन

हुनुपर्दछ । विश्वकै कम विकसित हाम्रो देशका विद्यालयहरूको कमजोर आर्थिक अवस्थाका कारण सिमित आर्थिक स्रोत र साधनलाई अधिकतम रुपमा सदुपयोग गर्नुपर्ने आजको आवश्यकता भएको छ । न्युन आर्थिक अनुदानले मात्र विद्यालयको भौतिक व्यवस्थापन गर्न कठीन भएको देखिन्छ । देशको ठूलो धनराशी विद्यालयको भौतिक संरचनामा खर्च भइरहेको छ । त्यतिकै मात्रामा स्थानीय अभिभावक, चन्दादाता तथा संघ संस्थाबाट प्राप्त अनुदान सहयोग समेत विद्यालयमा खर्च गरिएको देखिन्छ । यसरी वर्षेनी गरिने लगानीबाट शैक्षिक क्षेत्रमा कस्तो प्रतिफल प्राप्त भइरहेको छ ? वृद्धि गरिएको भौतिक अवस्थाले शैक्षिक गुणस्तर र सिकाई उपलब्धिमा के कस्तो सुधार ल्याएको छ ? भन्ने प्रश्नहरूको जवाफ खोज्ने क्रममा प्राप्त भएको तथ्य तथ्याङ्क, सरोकारवालाको अवधारणा र स्थलगत अध्ययन अवलोकनबाट प्राप्त विवरणको विश्लेषण गरि निस्केका तथ्यहरूलाई निष्कर्षको रुपमा यहा प्रस्तुत गरिन्छ ।

विद्यालयको भौतिक व्यवस्थापनमा विद्यालयको ६०% बजेट खर्च भएको देखिन्छ । जसमा सरकारी अनुदान र स्थानीय स्रोतबाट व्ययभार वहन गरिएको छ । आकर्षक र योजनाबद्ध भौतिक विकास भएको विद्यालयको विद्यार्थी संख्या, सिकाई उपलब्धिस्तर र उतिर्ण प्रतिशतमा उल्लेख्य वृद्धि भएको देखिन्छ । ८०% विद्यालयको भौतिक अवस्था राम्रो देखिन्छ भने २०% विद्यालयको भौतिक अवस्था कमजोर देखिन्छ । सुदृढ भौतिक व्यवस्थापन भएको विद्यालयको वीचैमा कक्षा छाड्ने दर न्युन रहेको देखिन्छ भने कमजोर भौतिक व्यवस्थापन भएको विद्यालयहरूको वीचैमा कक्षा छाड्ने दर उच्च रहेको देखियो । आकर्षक विद्यालयहरूको विद्यार्थी संख्या धेरै हुने रहेछ । अनाकर्षक विद्यालयमा विद्यार्थी संख्या पनि न्युन हुने देखिन्छ । शैक्षिक गुणस्तर वृद्धि गर्न आकर्षक विद्यालय र पर्याप्त सिकाइ सामग्री आवश्यक हुदो रहेछ । सिकाई उपलब्धि वृद्धि गर्न भौतिक पुर्वाधारको विकास गर्न लगानीको मात्रामा वृद्धि गर्नुपर्ने देखिन्छ । अनुतिर्ण प्रतिशत र ड्रपआउट दर कम गर्न खानेपानी, शौचालय, शैक्षिक सामग्री जस्ता भौतिक पक्षमा योजनाबद्ध सुधार तथा विकास गनुपर्ने देखिन्छ । विद्यालयहरूले प्रशस्तै वित्तिय स्रोत खोजी गर्नुपर्ने देखिन्छ । सिमित भौतिक स्रोतको अधिकतम सदुपयोग गर्ने सीपका लागि विद्यालय व्यवस्थापन समितिलाई व्यवस्थापन सीप सम्वन्धि तालिम दिनुपर्ने देखिन्छ ।

## ५.३ सुझावहरू

प्रस्तुत शोधकार्यको क्रममा प्राप्त तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षहरुको अध्ययनले नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि सुझावहरु यस प्रकार प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययनले सामुदायिक विद्यालयमा भौतिक अवस्था र सिकाइ उपलब्धि बीचको अन्तर्सम्बन्ध के कस्तो छ भन्ने देखाइएको छ । शिक्षामा गरिने लगानी र सो लगानी अनुरुपको उपलब्धिको आधारमा प्रणालीगत विश्लेषण गर्दै केन्द्रिय नीति तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने देखिन्छ । विद्यालयको भौतिक अवस्था विकासकालागि स्पष्ट दृष्टिकोण सहित व्यवस्थापनका नयाँ प्रविधिहरुका बारेमा सवै सरोकारवालाहरुलाई जनकार बनाउन व्यवस्थापन सम्वन्धि सीप प्रशिक्षणका नीति निर्माण गर्नु पर्छ । विद्यालयमा गरिने भौतिक निर्माणमा प्रत्यक्षरुपमा सरकारी अनुदानको प्रष्ट व्यवस्था गरि स्थानीय निकाय र दातृ संघ-संस्थासँग विद्यालयको उपलब्धिको आधारमा विद्यालय अनुदानको व्यवस्था गर्नुपर्ने तथ्यहरुलाई सुझावको रुपमा प्रस्तुत गरिन्छ । विद्यालय पूर्वाधार विकास तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रमहरु विकेन्द्रिकृत प्रणाली अन्तर्गत सघन रुपमा सञ्चालन गर्न सके उपलब्ध सीमित स्रोत र साधनबाट अधिकतम उपलब्धि हासिल गर्न सकिने भएकोले सोही अनुरुप शैक्षिक लगानीको नीति अवलम्बन गर्नु पर्ने कुरा समेत सुझावका रुपमा प्रस्तुत गरिन्छ ।

### ५.३.२ अभ्यास तह

शैक्षिक क्षेत्रका लागि बनेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई अझ बढी सबल, सक्षम र फलदायी बनाउन सरोकारवालाहरुलाई बढी भन्दा बढी जवाफदेही बनाउदै अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ । लगानीको वृद्धिसँगै सिकाइ उपलब्धिमा के कस्तो वृद्धि भयो या भएन भन्ने समीक्षात्मक अन्तर्क्रिया कार्यक्रम पारदर्शी गर्दै असल व्यवस्थापनबाट प्राप्त भएका राम्रा उपलब्धिहरुलाई संस्थागत गर्न विद्यालयहरुलाई पुनर्बल प्रदान गर्नुपर्ने देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनमा दिईने सरकारी अनुदान पर्याप्त र पारदर्शि बनाइनु पर्छ । भौतिक स्रोत व्यवस्थापनमा जनसहभागिता जुटाउनु पर्छ । दीगो आर्थिक स्रोतको खोजि गर्नु पर्छ । लगानी र सिकाइ उपलब्धि बीच तुलनात्मक समिक्षा गर्ने

परम्परा वसाल्नु पर्छ । उपलब्ध भौतिक स्रोतको कलात्मक व्यवस्थापन, सुरक्षा, र पुन प्रयोगमा विशेष ध्यान दिनु पर्छ । भौतिक पक्ष र शिक्षण सिकाइ प्रक्रिया बीचको सम्बन्धका विषयमा सरोकारवालाहरू माझ छलफल तथा अन्तरक्रियाको आयोजना गर्नु पर्छ । भौतिक सुधारमा लगानी वृद्धि गर्नु पर्छ । भौतिक व्यवस्थापनमा देखिएका समस्याहरूको पहिचान, वर्गीकरण र अभिलेखिकरण गर्नु पर्छ । व्यवस्थापकीय तालिम संचालन गरि विद्यालय प्रति सकारात्मक सोचको विकास गराउनु पर्छ । दिगो भौतिक पूर्वाधार विकासमा जोड दिदै नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्छ । राम्रा व्यवस्थपनको अभ्यास गरेका विद्यालयहरुलाई प्रोत्साहन दिंदै उक्त अभ्यासको अनुशरण गर्न प्ररित गर्नु पर्छ । कक्षाकोठाको वसाई, सिकाइ सामग्री तथा वातावरणीय पक्षको व्यवस्तापनमा शिक्षकलाई वढिभन्दा वढि सक्रिय वनाउन सहयोग गर्नु पर्छ । कक्षाकोठाको व्यवस्थापनलाई सिकाइ अनुकुल वनाउनु पर्छ । कक्षाकोठामा सिकाइ विधि र प्रविधि प्रयोग गर्न सकिने गरि व्यवस्थापन गर्नु पर्छ ।

### ५.३.३ अनुसन्धान तह

यो अध्ययनबाट प्राप्त तथ्याङ्कहरु पहिचान गरिएका समस्याहरु तथा तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षहरुले समग्र देशको सामुदायिक विद्यालयहरुको भौतिक व्यवस्थापन र सिकाइ उपलब्धिको प्रतिनिधित्व गर्न सकोस् भन्ने अध्ययनको मूल आशय हो । यस अध्ययनबाट प्राप्त निष्कर्षहरु सबै धर्म, वर्ग, लिङ्ग, जाति, भाषा तथा भौगोलिक विविधतामा समेत लागू हुन सक्छ कि सक्दैन भन्ने प्रश्नहरुको तथ्यपरक अवस्था प्राप्त गर्न थप अनुसन्धानको आवश्यकता पर्न सक्छ । लगानीको स्रोत पहिचान, आर्थिक अनुशासन तथा पारदर्शिता, शैक्षिक लगानीप्रतिको दायित्व जस्ता विषयमा अझ अनुसन्धान गर्नु आवश्यक देखिन्छ । सिकाइ उपलब्धिलाई प्रभावित पार्ने अन्य कारक तत्वहरु पनि हुन सक्ने अवस्था अध्ययनले औंल्याएको छ । तसर्थ सिकाइ उपलब्धिमा प्रभाव पार्ने अन्य कारक तत्वहरुको समेत खोजी गरि थप अध्ययन अनुसन्धान गर्न सुझावका रुपमा प्रस्तुत गरिन्छ ।

## सन्दर्भ सूची

अधिकारी विष्णु प्रसाद (२०६४),प्राथमिक शिक्षक दिग्दर्शन, भक्तपुर :आशिष पुस्तक भण्डार
कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६२), शैक्षिक व्यवस्थापन र सङ्गठानात्मक व्यवहार काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

के.सी. यदुनाथ, शिक्षा एक परिचय,पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., काठमाडौं,२०३९ ।

खनाल, पेसल (२०६२), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं : सनलाइट पब्लिकेशन ।

वाग्ले, मनप्रसाद र उपेन्द्र कुमार कार्की (२०५१), शिक्षाका आधारहरु, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

नेपाल कानून किताब व्यवस्था समिति, २०६३ (पाँचौं संशोधन सहित) नेपालको अन्तरिम संविधान , काठमाण्डौं : लेखक ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०६४),तीन वर्षिय अन्तरिम योजना (२०६४–२०६७) , काठमाडौंः लेखक ।

निरौला, सुभास (२०६२), सरकारी विद्यालयमा समुदायद्धारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन, अप्रकाशित शोधपत्र : त्रिभुवन विश्वविद्यालय , काठमाडौं ।

ढकाल, माधवप्रसाद(२०६२), शैक्षिक प्रशासन, काठमाडौंः रत्नपुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६१ ) , कक्षा कोठामा मनोविज्ञान, काठमाडौ : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युर्टस ।

शिक्षा विभाग (२०६४), शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन (२०६३–२०६४), सानोठिमी, भक्तपुरः लेखक ।

CERID (२००३), School Effectiveness : A Synthesis of Indicators (Phase II ), Kathmandu: TU

## भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची १

## वि.व्य.स. अध्यक्षका लागि प्रश्नावली

**विद्यालयको नाम :**

**अध्यक्षको नाम :**

१. तपाईको विद्यालयमा कक्षा कोठा पर्याप्त छ ?  छ / छैन

२. तपाईको विद्यालयमा फर्निचर पर्याप्त छ ?  छ / छैन

३. शैक्षिक सामग्रीको अवस्था कस्तो छ ?

क) पर्याप्त  ख) अपुग  ग) न्यून

४. भौतिक व्यवस्थापनमा क कस्को सहयोग प्राप्त गर्नुहुन्छ ?

क) सवैको  ख) प्र.अ.को  ग) शिक्षकको  घ) विद्यार्थीको

५. राम्रो भौतिक सामग्रीले विद्यालयको वातावरणमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक  ख) सकारात्मक  ग) प्रभावहिन  घ) थाहाछैन

६. तपाईको विद्यालय समूह विद्यालय भित्र नमूनामा परेको छ ?

क) छ  ख) छैन  ग) थाहा छैन

७. राम्रो नतिजा ल्याउन शिक्षणको अलावा भौतिक अवस्था पनि राम्रो हुनुपर्छ भन्ने भनाईमा तपाई कति सहमत हुनुहुन्छ ?

क) छु  ख) छैन

८. सिमीत श्रोतलाई  उचित र कुशलतापूर्वक व्यवस्थापन गर्न सके विद्यालय आकर्षक वनाउन सकिन्छ ?

क) सकिन्छ  ख) सकिदैन

९. राम्रो भौतिक व्यवस्थापनले सिकाई उपलब्धि वृद्धि गर्छ ?

क) गर्छ  ख) गर्दैन  ग) फरक छैन

## भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची २

## विद्यार्थीहरूका लागि प्रश्नावली

**विद्यालयको नाम :**

**विद्यार्थीको नाम :**

१. कक्षा कोठाको व्यवस्थापन कस्तो छ ?

क) आकर्षक ख) कस्टकर ग) सामान्य

२. कस्तो फर्निचर राम्रो लाग्छ ?

क) सुविधाजनक ख) सामान्य

३. कक्षामा सिकाइ अवधिमा मनोरञ्जनात्मक कक्षा हुन के के आवश्यक छ ?

..............................................................

४. उचित शौचालय, खानेपानीको व्यवस्था नहुँदा तिम्रो अध्ययनमा कस्तो असर पर्छ ?

क) नराम्रो ख) राम्रो ग) असर पर्दैन

५. राम्रो वस्नेठाउँ, सुन्दर कक्षाकोठा हुँदा कस्तो अनुभव हुन्छ ?

.................................................

६. विद्यालयको पुस्तकालयको अवस्था कस्तो छ ?

............................................

७. विद्यालयमा नियमित हाजिर हुन कस्तो विद्यालय होस भन्ने चाहन्छौं ?

......................................................

## भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ३

## अवलोकन फारम

**विद्यालयको नाम :**

| क.स. | विवरण | अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उत्तम ४ | मध्यम ३ | निम्न २ | सामान्य १ |
| १ | **भौतिक तथा शैक्षिक सामग्री** | | | | |
| | भवन | | | | |
| | कार्यलय कोठा | | | | |
| | कक्षा कोठा | | | | |
| | पुस्तकालयकक्ष | | | | |
| | भण्डार कोठा | | | | |
| | प्रर्दशन कक्ष | | | | |
| २ | **फर्निचर** | | | | |
| | मेच | | | | |
| | टेवल | | | | |
| | डेक्सवेन्च | | | | |
| | कालोपाटी | | | | |
| ३ | **शैक्षिक तथा खेल सामग्री** | | | | |
| | पाठ्यक्रम | | | | |
| | शिक्षक निर्देशिका | | | | |
| | वालपुस्तकहरू | | | | |
| | चित्र, चार्ट, ग्लोव | | | | |

## अनुसूची ४

## प्रधानाध्यापकको लागि प्रश्नावली

**प्रधानाध्यापकको नाम :**

**विद्यालयको नाम :**

१. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

क) राम्रो ख) मध्यम गं) सामान्य घ) अत्यन्त नाजुक

२. विद्यालयको वार्षिक वजेटमा कति प्रतिशत रकम भौतिक सधारमा खर्च गर्नु हुन्छ ?

क) १०% ख) २०% ग) ५०% घ) ६०%

३. गत वर्षको भन्दा उक्त रकम कति प्रतिशतले वृद्धि गर्नु भएको छ ?

क) १०% ख) २०% ग) ३०% घ) ४०%

४. विद्यालयको औसत सिकाइ उपलब्धि कति छ ?

५. भातिक सुधारमा गरिएको वृद्धिले सिकाई उपलब्धिमा कति प्रतिशत वृद्धि भएको छ ?

६. शिक्षक विद्यार्थीहरूवाट भौतिक व्यवस्थापनमा के कति सहयोग पाउनु भएको छ ?

क) पूर्ण ख) मध्यम ग) सामान्य घ) अप्राप्त

७. कक्षाकोठाको सुव्यवस्थापनले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको छ ?

क) छ ख) छैन ग) थाहाछैन

८. भौतिक स्रोत व्यवस्थापनको योजना वनाउनु भएको छ ?

क) छ ख) छैन ग) नाममात्रको घ) योजना विहिन

९. भौतिक व्यवस्थापनको निर्णय गर्दा कसरी गर्नुहुन्छ :?

क) एक्लै ख) अध्यक्ष र प्र.अ. ले ग) सामूहिक छलफल वाट

१०. विद्यालयको भौतिक व्यवस्थापनको प्रमूख जिम्मेवारी कस्को हो ?

क) शिक्षक ख) विद्यार्थी ग) वि.व्य.स. घ) विद्यालय

११. गत आ.व.मा विद्यालयको भौतिक निमार्ण गर्न कति अनुदान प्राप्त गर्नु भयो

## भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ५

## शिक्षकका लागि प्रश्नावली

**शिक्षकको नाम :**

**विद्यालयको नाम :**

१. तपाईको शिक्षण गर्ने कक्षा कोठा कस्तो हुनु पर्दछ ?

..................................................

२. विद्यालयको भौतिक अवस्थाले सिर्कामा कति प्रभाव पर्छ ?

क) धेरै ख) थोरै ग) पार्दैन

३. विद्यार्थीहरूको ब्यवहार निर्माण गर्न उपयूक्त भौतिक व्यवस्थापनले कस्तो प्रभाव पार्दछ ?

.................................................................

४. राम्रो कक्षा कोठा हुँदा र नहुँदा विद्यार्थी हाजिरीमा कस्तो प्रभाव परेको छ ?

...................................................................

५. विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापमा सक्रिय वनाउन भौतिक अवस्थाले खेल्ने भूमिका कस्तो हुन्छ ?

क) अत्यन्त महत्वपूर्ण ख) सामान्य ग) न्यून

६. राम्रो कक्षाकोठा, पर्याप्त शैक्षिक सामग्री, उचित व्यवस्थापनले सिकाइ उपलब्धिमा वृद्धि गर्न सक्छ भन्ने मान्यतामा तपाई सहमत हुनुहुन्छ ?

क) पूर्ण सहमत ख) आशिंक सहमत ग) असहमत घ) पूर्ण असहमत

७. एउटा नमूना विद्यालयको लागि कस्तो भौतिक व्यवस्थापन हुनुपर्छ ?

क) .............................................

ख) .............................................

ग) ..........................................

घ) .............................................

## अनुसुची -६

### छनौटमा परेका  विद्यालय र प्र. अ. को नामावली

| विद्यालय | ठेगाना | प्रधानाध्यापक |
|---|---|---|
| १. सरस्वती मा. वि. | वाहुण्डाँगी -१ | श्री श्याम राज कार्की |
| २. पशुपति मा. वि. | वाहुण्डाँगी -२ | श्री टेक ब. बराल |
| ३. नवज्योति नि. मा. वि. | वाहुण्डाँगी -३ | श्री सोम ब. आर्चाय |
| ४. कृष्ण नि. मा. वि. | बाहुण्डाँगी -७ | श्री राजन कुमार गिरी |
| ५. बलभद्र प्रा. वि. | बाहुण्डाँगी -३ | श्री प्रेम राज गिरी |

## अनुसूची -७

### छनौटमा परेका विद्यलयका शिक्षक र विद्यालयको नामावली

| विद्यालय | शिक्षक | विद्यार्थी |
|---|---|---|
| १. सरस्वती मा. वि. | १.श्री भीम श्रेष्ठ<br>२. श्री टुका भण्डारी | १.मान व.खड्का ३.सेवन्ता दाहाल<br>२.चारु बुढाथोकी ४.मधु धिमाल |
| २. पशुपति मा. वि. | १.श्री हरि तामाङ<br>२. श्री लक्षमण प्रधान | १.दिवस किसान ३.मदन लेप्चा<br>२.शरण राई ४.सुमन राई |
| ३. नवज्योति नि. मा. वि. | १. श्री धनराज भण्डारी<br>२. श्री धनकला दाहाल | १. रेवत मेचे ३.शान्ती सापकोटा<br>२. अनुप दाहाल ४. निरज कार्की |
| ४. कृष्ण नि. मा. वि. | १. श्री हिमा रिसाल<br>२. श्री निर्मला भण्डारी | १. कर्मा तामाङ ३. राजन देवान<br>२. सोनाम तामाङ ४. पिङ्की प्रधान |
| ५. बलभद्र प्रा. वि. | १.श्री तिलक ब. धिमाल<br>२.श्री हरि प्र. चापागाइँ | १. रिमा थापा ३. अर्जुन तामाङ<br>२. मौसम वि.क. ४. मिलन खाती |

## भौतिक व्यवस्थापनले सिकाइ उपलिब्धमा पारेको प्रभाव

### अनुसूची-८

### छनौटमा परेका वि. व्य. स. अध्यक्ष र सदस्यहरु

| विद्यालय | वि. व्य. स. अध्यक्ष | अभिभावक |
|---|---|---|
| १. सरस्वती मा. वि. | श्री अर्जुन कुमार कार्की | १. श्री गणेश खड्का<br>२. श्री पोशक दर्जी |
| २. पशुपति मा. वि. | श्री भिम ब गिरी | १. श्री विनोद श्रेष्ठ<br>२. श्री श्याम आचार्य |
| ३. नवज्योति नि. मा. वि | श्री दिपक थापा | १. श्री चन्द्र कुमार निरौला<br>२. श्री नेभारन धिमाल |
| ४. कृष्ण नि. मा. वि. | श्री टेक ब. राई | १. श्री सुवास गुरगाई<br>२. श्री शैलेन्द्र देवान |
| ५. बलभद्र प्रा. वि. | श्री चन्द्र कुमार दास | १. श्री राजेन्द्र कुमार थापा<br>२. श्री भिम ब. तामाङ |